# परिच्छेद एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

बालबालिकाहरूको सर्वाङ्गिण विकासका लागि देश, काल, समय र परिस्थिति अनुसार समय सापेक्ष हुने गरी औपचारिक ज्ञान विद्यालयको माध्यमबाट दिइएको हुन्छ भने विद्यार्थीहरूको चौतर्फि विकास गराउन विद्यालय स्तरमा विभिन्न किसिमका अतिरिक्त कार्यक्रमहरू सञ्चालन गरी उनीहरूको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकासमा सहयोग पुऱ्याइने गरिन्छ ।

अतिरिक्त क्रियाकलाप भन्नाले विद्यार्थीहरूमा ज्ञान, सीप, अभिवृद्धि र क्षमताको विकास गराउन उनीहरूमाझ सञ्चालन गरिने शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षसँग सम्बन्धित विभिन्न किसिमका कार्यक्रमहरूलाई जनाउँछ (शिक्षक स्रोत पुस्तिका, २०६०) ।

अतिरिक्त क्रियाकलाप र सह-क्रियाकलाप कक्षाकोठा बाहिर र कक्षा शिक्षण गर्दाखेरी सञ्चालन गर्न सकिने कार्यक्रमहरू हुन् । जुन शिक्षण सिकाइका अभिन्न र महत्त्वपूर्ण अङ्ग हुन् । अतिरिक्त क्रियाकलापहरूलाई खास गरेर अन्तर सदन र अन्तर विद्यालयका रूपमा सञ्चालन गरिन्छ । अन्तर सदन प्रतियोगितामा सञ्चालन हुने कार्यक्रमहरूमा एउटै विद्यालयका तल्लो कक्षादेखि माथिल्लो कक्षासम्मका विद्यार्थीहरू सहभागि हुन्छन्, त्यस्तै विद्यालय प्रतियोगिताहरूमा दुई वा दुईभन्दा बढी विद्यालयहरू सहभागित हुन्छन् । सह-क्रियाकलापहरू कक्षा शिक्षणलाई सहयोग पुग्ने गरी कक्षाकोठाभित्र सञ्चालन गरिने कार्यक्रमहरू अन्तर्गत पर्दछन् ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना, (२०२८) ले अतिरिक्त क्रियाकलापहरूलाई विद्यालयको अभिन्न अङ्गको रूपमा लागू गर्न शिक्षा ऐन नियममा अतिरिक्त क्रियाकलापसम्बन्धी व्यवस्था गरेको छ । अतिरिक्त क्रियाकलापहरूलाई निरन्तर अगाडि बढाउन पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र अन्तर्गत एकाइहरू स्थापना गरेको थियो ।

कक्षा शिक्षणबाट मात्र नै विद्यार्थीहरूमा अपेक्षा गरिएको ज्ञान सीप र क्षमताको विकास हुन सक्दैन । न त कक्षाशिक्षणको मूल्याङ्कनले मात्रै विद्यार्थीको सही लेखाजोखा हुनसक्छ । परम्परागत रूपमा गरिदै आएको कक्षा शिक्षणबाट मात्रै आजको आधुनिक परिवेशमा विद्यार्थीको सर्वाङ्गीण विकास हुन सक्दैन । त्यसैले विद्यार्थीहरूलाई कक्षा शिक्षणको साथै कक्षाकोठामा सञ्चालन गरिने सह-क्रियाकलाप र कक्षाकोठा बाहिर सञ्चालन गरिने अतिरिक्त क्रियाकलापहरूमा अनिवार्य रूपमा सहभागि गराउन पर्दछ । कतिपय अवस्थामा अतिरिक्त

क्रियाकलाप र सहक्रियाकलाप (Extra Curriculum Activities and Co-curricular Activities) हरूलाई छुट्टा छुट्टै रूपमा उल्लेख गरेको देखिन्छ ।

मिनिन्सोटा स्कूल बोर्ड, (2002) ले Co-curricular activities लाई यसरी परिभाषित गरेको छ :- "Co-curricular activities are activities sponsored by the district and approved by the school board and are designed to provide opportunities for students to participate on an Individual or group basis in school and public events for the improvement of skills" (Cited in CERID, 2004).

माथिको व्याख्या अनुसार जिल्लाद्वारा आयोजना गरिने र विद्यालयबाट स्वीकृत क्रियाकलापलाई सह-क्रियाकलाप भनिन्छ । जसले सीप विकासका लागि विद्यार्थीहरूलाई व्यक्तिगत वा सामुहिक रूपमा विद्यालय र सार्वजनिक क्रियाकलापहरूमा सहभागी हुने अवसर प्रदान गर्दछन् ।

त्यस्तै गरी विद्यार्थीको क्लव वा समूहले आयोजना गर्ने र विद्यालय प्रशासनले स्वीकृति प्रदान गर्ने साना क्रियाकलापहरू नै अतिरिक्त क्रियाकलाप हुन् (Ibid)।

पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित परीक्षाले मात्र विद्यार्थीको सिर्जनात्मक प्रतिभाको मूल्याङ्कन पूर्ण रूपमा हुन सक्दैन । विद्यार्थीहरूको सिर्जनात्मक प्रतिभाको मूल्याङ्कन गर्न विभिन्न किसिमका अतिरिक्त क्रियाकलाप र सह-क्रियाकलाप गराउन आवश्यक ठहरिन्छ । अतिरिक्त क्रियाकलापको मुख्य उद्देश्य विद्यार्थीको मनोवैज्ञानिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउन मात्र नभई सामाजिक, शारीरिक र आध्यात्मिक विकासको निम्ति अनुभव प्रदान गर्नु हो । विद्यार्थीहरूलाई विद्यालयमा हुने नियमित पठनपाठनका साथसाथै उनिहरूलाई जति धेरै अतिरिक्त र सह-क्रियाकलाप कार्यक्रमहरूमा सहभागी गराउन सक्यो त्यति नै उनीहरूले आफ्नो व्यक्तित्व विकास गर्ने मौका पाउँछन् ।

अतिरिक्त कार्यक्रमहरूले विद्यार्थीहरूमा खोजी गर्ने, उत्सुकता जगाउने, स्वस्थ रहन र समस्याहरू समाधान गर्ने सीपको विकास गराउँदछ । अतिरिक्त र सह-क्रियाकलापका कार्यक्रमहरूले विद्यार्थीहरूमा अनुशासन, शान्ती, मैत्री, सद्भाव, सहिष्णुता र बन्धुत्वको भावना जस्ता गुणहरूको विकास गराउन सहयोग पुऱ्याएको हुन्छ । त्यस कारण प्रत्येक छात्र/छात्राहरूलाई उनिहरूको सर्वाङ्गीण विकासका लागि कार्यक्रमहरूमा सहभागी गराउनु पर्दछ । अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरूको सहभागिताको आधारमा उनिहरूको सिर्जनात्मक प्रतिभाको मूल्याङ्कन गर्न सकिन्छ ।

अतिरिक्त क्रियाकलाप सामान्य शिक्षाको त्यो पुरक पक्ष हो । जसले पाठ्यक्रमभन्दा बाहिर रहेर पनि पाठ्यक्रम जतिकै महत्त्वपूर्ण भूमिका खेल्दछ । यसले विविध किसिमको कार्यकलाप र प्रक्रिया सित सम्बन्धित भई विद्यार्थीहरूको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकासमा सहयोग गर्दछ । अतिरिक्त क्रियाकलाप सामान्य शिक्षाको प्रयोगात्मक र व्यवहारिक पक्ष हो पनि भन्न सकिन्छ । यस अर्थमा अतिरिक्त क्रियाकलापहरू बिना सामान्य शिक्षालाई पूर्ण मान्न सकिदैन । प्रत्यक्ष र अप्रत्यक्ष

रूपमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूले विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याएको हुन्छ ।

सामुदायिक विद्यालयहरूमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू सम्बन्धी सरोकारवालाहरूको धारणा, विद्यालयमा सञ्चालन हुने कार्यक्रमहरू, कार्यक्रमहरूका लागि आवश्यक पर्ने स्रोत र सामग्रीहरू तथा अतिरिक्त क्रियाकलापका कार्यक्रमले व्यक्तित्त्व विकासमा पुऱ्याउने सहयोग सम्बन्धमा यो अध्ययन सञ्चालन गरिएको थियो । अतिरिक्त क्रियाकलाप सञ्चालन प्रक्रिया, कार्यक्रम सञ्चालनका आधारहरू, अतिरिक्त क्रियाकलाप कार्यान्वयनमा वाधा पुऱ्याउने तत्त्वहरू, कार्यक्रमहरूलाई नियमित र स्तरीय बनाउने उपायहरू लगायत कार्यक्रममा लिङ्ग, जाती र उमेर समूहका आधारमा छात्रछात्राहरूको सहभागिता माथि यो अध्ययन मुख्य गरी केन्द्रीत गरिएको थियो ।

### १.१.१ अध्ययन क्षेत्रको परिचय

वर्तमान परिवेशमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूलाई सामान्य शिक्षाको एक अभिन्न अङ्गको रूपमा लिइएको छ । अतिरिक्त कार्यक्रमहरूले व्यक्तिको शारीरिक मानसिक सामाजिक र संवेगात्मक पक्षमा सहयोग पुऱ्याएको देखिन्छ । बालबालिकाहरूको समुन्नत विकासका लागि विद्यालय स्तरमा अतिरिक्त कार्यक्रमहरू सञ्चालन गरिन्छन् । त्यसै गरी जिल्ला स्तरीय, क्षेत्रीय र राष्ट्रिय स्तरमा विभिन्न प्रतियोगितात्मक खेलकूदका कार्यक्रमहरू भइरारखेका हुन्छन् । कक्षाकोठाको पठन-पाठनले मात्र विद्यार्थीहरूको सिर्जनात्मक प्रतिभाको मूल्याङ्कन हुन सक्दैन । विद्यार्थीहरूको कला कौशल र सीप प्रदर्शनका लागि अतिरिक्त कार्यक्रमहरू गर्न गराउन आवश्यक देखिन्छन् । यी कुराहरूलाई मध्यनजर गरी **सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था** नामक शीर्षकमा अध्ययन गर्न खोजिएको छ ।

स्थानिय भाषामा 'वह 'भन्नाले हावा र 'तडी' भन्नाले अडिने ठाउँ भनि जनाउने र यहाँ हावालाई अडाउन सक्ने अग्ला अग्ला पहाडहरू भएकोले यो ठाउँलाई वयतडी भनिएकोमा शब्द विकृत भई बैतडी नामाकरण भएको मानिन्छ । बैतडी जिल्लाको उत्तरमा दार्चुला, पूर्वमा बझाङ र डोटी, दक्षिणमा डडेल्धुरा र पश्चिममा भारतको उत्तर प्रदेश प्रान्त पर्दछ । भारतसँगको सिमाना महाकाली नदीले छुट्टयाएको छ । यसको क्षेत्रफल १,५१९ वर्ग कि.मी रहेको छ (भट्टराई, २०६७) । बैतडी जिल्लामा दोगडा भूमिराज, त्रिपूरासुन्दरी, रणसैनी, निङ्गलासैनी, जस्ता प्रसिद्ध धार्मिक स्थलहरू रहेका छन् । यहाँका मानिसहरू मुख्यतया कृषि पेशामा सङ्लग्न छन् । वर्तमान समयसम्म बैतडी जिल्लामा ५ वटा क्याम्पस, ३८ वटा उच्च मा.वि., ६५ वटा मा.वि., १०७ वटा नि.मा.वि. र ३३१ वटा प्राथमिक विद्यालयहरू रहेका छन् । बैतडी जिल्लामा १ नगरपालिका र ६२ वटा गा.वि.स. रहेका छन् । ६२ वटा गा.वि.स. मध्ये देउलेक गा.वि.स. भित्रका सामुदायकि विद्यालयहरूमा मात्र यो अध्ययन सिमित रहेको थियो ।

## १.२ समस्याको कथन

विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउन अतिरिक्त क्रियाकलाप र सह-कार्यकलाप (Extra Curricular Activities and Co-curricular Activities) हरू विद्यालयहरूले सञ्चालन गर्दै आइरहेका छन् । स्वस्थ शरीरबाट स्वस्थ मस्तिष्कको विकास हुन्छ । बालबालिकाहरूको शारीरिक विकास गराउन विभिन्न शारीरिक कार्यक्रमहरू र मानसिक विकास गराउनका निमित्त सिर्जनात्मक कार्यक्रमहरूको आवश्यकता पर्दछ । शिक्षा नियमावलिमा अतिरिक्त कार्यक्रमहरू अनिवार्य रूपमा गर्ने गराउने भनिए तापनि सबै जसो विद्यालयहरूले कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरेको पाइदैन् ।

विद्यार्थीहरूको सिर्जनात्मक प्रतिभाको विकासका निम्ति नाटक, नृत्य, साहित्यिक गोष्ठी, चित्रकला, शारीरिक विकासका निम्ति खेलकूद, व्यायाम, योगाभ्यास र मानसिक तथा बौद्धिक विकासका निम्ति वक्तृत्वकला, हाजिरी जवाफ, हिज्जे प्रतियोगिता जस्ता कार्यक्रमहरू शिक्षा नियमावलीमा उल्लेख हुँदा हुँदै पनि धेरै जसो शैक्षिक संस्थाहरूमा यस्ता अतिरिक्त क्रियाकलापहरूको आयोजना भएको पाइँदैन (राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९) ।

सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था के कस्तो छ ? अतिरिक्त कार्यक्रमहरू प्रति सरोकारवालाहरूको धारणा के छ ? अतिरिक्त क्रियाकलापहरूमा छात्र र छात्राहरूको सहभागिता कस्तो छ ? कार्यक्रम सञ्चालनमा बाधा पुऱ्याउने तत्त्वहरू के के हुन् सक्छन् ? कार्यक्रमहरू कार्यान्वयन गर्ने निति र आधारहरू के छन् ? कार्यान्वयनको नीति अनुसार कार्यक्रमहरू सञ्चालन गरिन्छ वा गरिदैनन् ? कार्यक्रमहरू सञ्चालन गर्नको लागि के कस्ता स्रोत र सामग्रीहरूको आवश्यकता पर्दछ ? शिक्षक र विद्यार्थीबीचको सम्बन्ध कस्तो छ ? विद्यालयले आ-आफ्नो स्रोत साधन र कार्यक्रम सञ्चालन गर्ने सीप र दक्षता भएको शिक्षक वा जनशक्तिका आधारमा के के कार्यक्रमहरू कहिले र कसरी कार्यान्वयन गर्ने भन्ने जस्ता प्रश्नहरूमा आधारित भएर यो अध्ययन सञ्चालन गरिएको थियो ।

## १.३ अध्ययनको औचित्य

विद्यार्थीहरूलाई किताबी ज्ञान दिएर मात्र उनीहरूको चौतर्फी विकास हुन सक्दैन । विद्यार्थीहरूलाई जति धेरै अतिरिक्त क्रियाकलापसँग सम्बन्धित कार्यक्रमहरूमा सहभागी गराउन सक्यो त्यतिकै उनीहरूले व्यक्तित्व विकास गर्ने मौका पाउँछन् । यसका लागि विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु आवश्यक हुन्छ । अतिरिक्त क्रियाकलापका विभिन्न कार्यक्रमहरू मध्ये आ-आफ्नो रुची र क्षमता भएको क्षेत्रमा शिक्षक र विद्यार्थीहरूले सहभागी हुन पाउँदा उनीहरूको सीर्जनात्मक सीप अभिवृद्धि हुन्छ ।

शिक्षा देश विकासको आधार र मापदण्डको रूपमा लिइन्छ । बालबालिकाहरूको सिर्जनशिलता, रचनात्मकता, शारीरिक स्वस्थताका लागि गुणस्तरीय शिक्षा आवश्यक छ । यस्ता

कुराहरूको विकास अतिरिक्त क्रियाकलापबाट विद्यार्थीहरूले प्राप्त गर्न सक्दछन् । अतिरिक्त क्रियाकलाप शिक्षण सिकाइको महत्त्वपूर्ण अंश भएकोले यसको कार्यान्वयनको अवस्था, नीति, मापदण्ड, आधार आदिका बारेमा अध्ययन गर्न महत्त्वपूर्ण ठानिएको छ । अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूमा सीप विकासका साथसाथै धैर्य धारण गर्ने, समूहप्रति आस्था बढ्ने, आचरण अनुशासन राम्रो हुने, मनोरञ्जन हुने, फुर्सदको समयको सदुपयोग हुने, स्वस्थ र शारीरिक तन्दुरुस्तीका लागि सहयोग पुऱ्याउने भएकोले यसका कार्यान्वयन पक्षहरू के कस्ता छन् ? नियमित रूपमा सञ्चालन हुन्छन की हुँदैनन् र सरोकारवालाहरूको धारणा के छ ? कार्यक्रमहरूमा छात्र/छात्राहरूको सहभागिता कस्तो छ आदि प्रश्नहरूको उत्तर खोज्नका लागि यो अध्ययन महत्त्वपूर्ण ठानिएको थियो ।

नेपालको शैक्षिक प्रणाली अन्तर्गत शिक्षा नियमावलिमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू आयोजना गर्ने विभिन्न समितिहरू गठन गर्न सकिने व्यवस्थाका साथसाथै विविध क्रियाकलापका प्रतियोगितामा विशिष्टता देखाउने विद्यार्थीहरू तथा सदन/समूहलाई प्रोत्साहित गर्न पुरस्कार प्रदान गर्ने व्यवस्था गरिएकाले पनि अतिरिक्त क्रियाकलापको अवस्था यसको कार्यान्वयन पक्ष के कस्तो छ भनी अध्ययन गर्न आवश्यक देखिन्छ ।

समग्रमा अतिरिक्त कार्यकलापको माध्यमबाट विद्यार्थीहरूको मनोभावनामा वातावरण अनुकूल परिवर्तन ल्याई प्रतिस्पर्धात्मक रूपबाट समुहमा काम गर्न सक्ने बानी तथा प्रवृत्तिको विकास गराउनका साथै भविष्यमा उत्कृष्ट खेलाडी एवम् कलाकारको जग बसाल्ने अवसर प्राप्त गर्ने स्थान नै विद्यालय भएकोले विद्यालयमा हुने अतिरिक्त क्रियाकलापको अवस्था, अतिरिक्त क्रियाकलापमा छात्र छात्राहरूको सहभागिता पत्ता लगाउन र कार्यक्रमहरूको बारेमा सरोकारवालाहरूको धारणा पत्ता लगाउन यस अध्ययनको मुख्य औचित्य रहेको थियो ।

### १.४ अध्ययनको उद्देश्य

सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्थासम्बन्धी यो अध्ययन निम्न उद्देश्यहरूमा आधारित भई सञ्चालन गरिएको थियो ।

(१) अतिरिक्त क्रियाकलाप सम्बन्धमा सरोकारवालाहरूको धारणा पत्ता लगाउनु ।

(२) सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था पहिचान गर्न ।

(३) अतिरिक्त क्रियाकलापमा छात्र र छात्राहरूको सहभागिता पत्ता लगाउनु ।

## १.५ अनुसन्धान प्रश्न

अनुसन्धानका उद्देश्यहरूलाई आधार बनाई यस अध्ययनले निम्न प्रश्नहरूको उत्तर खोजेको थियो :

(क) सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू के कसरी सञ्चालित भएका छन् ?

(ख) कार्यक्रम सञ्चालन गर्नका लागि के कस्ता स्रोत र साधनहरूको आवश्यकता पर्दछ ?

(ग) अतिरिक्त क्रियाकलापका कुन कुन क्रियाकलापहरू गराइन्छन् ?

(घ) अतिरिक्त क्रियाकलाप सञ्चालनका आधार वा मापदण्डहरू विद्यालयले कसरी तय गरेको छ ?

(ङ) बार्षिक शैक्षिक क्यालेन्डरमा अतिरिक्त कार्यक्रमहरूको विवरण के कस्तो छ ?

(च) अतिरिक्त क्रियाकलापमा छात्र र छात्राहरूको सहभागिता कस्तो छ ?

(छ) व्यक्तित्व विकासमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूले कसरी सहयोग गर्दछन् ?

(ज) अतिरिक्त क्रियाकलापका बारेमा सरोकारवालाहरूको धारणा के कस्तो छ ?

(झ) अतिरिक्त क्रियाकलाप संचालनमा के कस्ता वाधा व्यवधानहरू आउँछन् ?

## १.६ अध्ययनको परीसीमा

अध्ययन अनुसन्धान कार्यलाई सरल, सहज र प्रभावकारी बनाउन अनुसन्धान कर्ताले अध्ययनको विषयमा सीमा निर्धारण गर्नुपर्दछ । यसको निम्ति अध्ययन कार्यको थालनी गर्नुभन्दा अगाडि नै सीमा निर्धारण गरिन्छ ।

"सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था" नामक अध्ययनलाई समय, साधन, स्रोत र अर्थ अभावका कारणले गर्दा बैतडी जिल्लाका सामुदायिक विद्यालयहरूमध्ये आफूलाई पायक पर्ने एउटा गा.वि.स. अन्तर्गतका सामुदायिक विद्यालयहरू माथि सीमित राखिएको थियो ।

- यो अध्ययनको क्षेत्र महाकाली अञ्चलको बैतडी जिल्ला देउलेक गा.वि.स.भित्रका ५ वटा सामुदायिक विद्यालयहरूमा सीमित गरिएको थियो ।
- यो अध्ययन सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था अतिरिक्त क्रियालापसम्बन्धी सरोकार वालाहरूको धारणा र अतिरिक्त क्रियाकलापमा छात्र/छात्राहरूको सहभागितामा मात्र सीमित गरियो ।

- यो अध्ययन प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा सिमित गरिएको थियो ।
- प्र.अ.का लागि अन्तर्वार्ता, शिक्षकका लागि प्रश्नावली, विद्यार्थीहरूका लागि लक्षित समूह छलफल सञ्चालन र विद्यालयका दस्तावेज अध्ययन गरी सूचना तथा तथ्याङ्कहरू संकलन गरिएका थिए ।

### १.७ **शब्दको परिभाषा**

अध्ययन अनुसन्धान एक खोजमूलक प्रयोग हो । अनुसन्धानको क्रममा विभिन्न असजिला शब्द, भाषा र प्राविधिक शब्दहरूको प्रयोग गरिने हुन्छ । यस्ता प्रयोग गरिएका शब्दहरूलाई जस्ताको त्यस्तै राख्दा प्रतिवेदन प्रति चासो राख्ने व्यक्तिहरूले भाषिक कठिनाई झेल्नु पर्ने अवस्था आउन सक्छ । त्यसकारणले शब्दहरूको परिभाषा र अर्थ स्पष्ट पार्न आवश्यक देखिन्छ ।

यस अध्ययनमा प्रयोग गरिने शब्दावलीलाई निम्नानुसार उल्लेख गरिएको छ ।

| | | |
|---|---|---|
| अतिरिक्त क्रियाकलाप | - | विद्यार्थीहरूको व्यक्तित्त्व विकासका पक्षहरूमा सहयोग पुग्ने गरी कक्षा शिक्षण बाहेक विद्यालयले अतिरिक्त समयमा सञ्चालन गर्ने क्रियाकलाप |
| सह कार्यकलाप | - | कक्षा शिक्षणलाई सहयोग पुग्ने गरी कक्षाकोठाभित्र सञ्चालन गरिने क्रियाकलाप |
| प्रणाली | - | कुनै कार्य वा त्यसको व्यवस्थापन गर्ने विधि, पद्दति वा नीति नियम |
| खबरपाटी | - | खबर लेखिएको पाटी वा सूचना पाटी |
| प्रस्फुटन | - | बाहिर निस्कने काम वा प्रकट हुने काम |
| प्रकार्यात्मक | - | अन्तर प्रभाव, दोहोरो सम्बन्ध |
| रा.शि.प.यो | - | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| सरोकारवाला | - | प्र.अ., शिक्षक र विद्यार्थीहरू |

# परिच्छेद दुई
# पूर्व कार्यको समीक्षा

## २.१ सैद्धान्तिक पुनरावलोकन

स्पार्टा कालदेखि नै शैक्षिक नेतृत्वले वादविवाद, खेलकूद र अभिनयसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ । त्यसबेलादेखि नै बलियो सक्षम र बहादुर नागरिक तयार गर्नु अतिरिक्त क्रियाकलाप आवश्यक पर्छ भन्ने धारणा थियो । शैक्षिक संस्थाहरूमा विद्यार्थीको रुचि, चाहना, उमेर र स्तर अनुसार कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्नु पर्दछ । अतिरिक्त क्रियाकलाप सामान्यतया दुई किसिमका हुन्छन् :

- Indoor School Activities or Classroom Activities
- Out of Classroom Activities

शिक्षाविद् Crow and Crow ले अतिरिक्त क्रियाकलापको परिभाषा यसरी दिएका छन् । "Studetnt attitude does not reject a disapproval of the purpose of function of students initiated activity but is based upon their belief that their in lie the fundamentals of curricular activities. Curricular and curricular learning would then be combined as activity learning. Learning as life or living and doing (Cited in CERID, 2004) .

नेपालमा अतिरिक्त कार्यकलापको प्रारम्भ सुरुमा मन्टेश्वरी स्कुल रानी पोखरीबाट शुरु भएको र पछि चेतभवन शिक्षक तालिम केन्द्र लाजिम्पाटले तालिम मार्फत विद्यालय तहमा शारीरिक व्यायाम, खेलकूद, नृत्य गीत, वाद्यवाधन र एकाङ्की नाटक जस्ता कार्यकलाप सञ्चालन गर्ने परिपाटी बसेको पाइन्छ (शिक्षक स्रोत पुस्तीका, २०६०) ।

कुनै पनि समाजलाई व्यवस्थित बनाई राख्न समाजका प्रत्येक एकाइहरू क्रियाशिल हुनुपर्दछ । यदि समाजका प्रत्येक एकाइहरू क्रियाशिल हुँदैनन भने समाज व्यवस्थित हुन सक्दैन । जसरी मानव शरीरमा शरीरका अङ्गहरूले काम गर्न नसकेमा वा कुनै रोग लागेमा त्यसले सम्पूर्ण शरीरको कार्य क्षमता, कार्यशैली र शरीरको संरचनामा शिथिलता सिर्जना गर्दछ । ठीक त्यसै गरी समाजका अङ्गहरूका रूपमा रहेका सामाजिक एकाइहरूले कार्य नगरे समाजको संरचना भताभुङ्ग हुन जान्छ । त्यसैले समाजका एकाइहरूले समुचित कार्य सम्पादन गर्नुपर्दछ र क्रियाशिल हुनु पर्दछ भन्ने मान्यतालाई नै प्रणालि सिद्धान्त भनिन्छ । प्रणाली सिद्धान्त अन्तर्गत निम्न कुराहरू पर्दछन् : (Talcott Parsons)

अन्तर्निर्भरता (Interdependencey)
सामाजिक संरचना (Social Structure)
सहमति र सहयोग (Consensus and Co- oepration)
सन्तुलन (Equlibruim)

यस सिद्धान्त अनुसार सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलापको अवस्थालाई पनि व्याख्या गर्न सकिन्छ । अतिरिक्त क्रियाकलाप सामान्य शिक्षाको पुरक पक्ष हो । अतिरिक्त क्रियाकलाप कार्यान्वयन तथा सञ्चालन गर्ने थलो विद्यालय हो । विद्यालयमा गरिने अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि नीति तथा आधारहरू तय गरिनु पर्दछ । कार्यक्रम कार्यान्वयनको संरचना तयार गर्नुपर्दछ । कार्यक्रमहरू कार्यान्वयन गर्ने क्रममा सन्तुलन हुन आवश्यक हुन्छ । कार्यक्रमसँग सम्बन्धित सबै पक्षहरूको सक्रियता हुन आवश्यक देखिन्छ । कार्यक्रमहरूलाई प्रभावकारी बनाउन विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरूबीच एक आपसमा सहयोग र समन्वय हुनुपर्दछ ।

### २.१.१ अतिरिक्त कार्यकलापको सैद्धान्तिक आधार

अतिरिक्त कार्यकलाप सामान्य शिक्षाको पुरक विषय हो । यसको उद्देश्य मनोभावना अनुकुल परिवर्तन ल्याई अनुशासन, स्वाबलम्बन, सहयोग आदि बानी तथा प्रवृत्तिको विकास गर्नु हो । अतिरिक्त क्रियाकलाप पनि सामान्य शिक्षा जस्तै चार कुराहरू (व्यक्ति, वातावरण, प्रतिक्रिया परिवर्तन र परिवर्धन) सित सम्बन्धित छ । अतिरिक्त कार्यकलाप र सामान्य शिक्षाबीच वातावरणको किसिम र त्यसप्रति देखाइने प्रतिक्रियामा मात्र फरक हुन्छ । अतिरिक्त कार्यकलापको वातावरण र प्रतिक्रियामा निम्न लिखित लक्षणहरू पाइन्छन् (अतिरिक्त तथा सहकार्यकलाप निर्देशिका, २०६१) ।

(क) पूर्ण रूपले प्रयोगात्मक

अतिरिक्त कार्यकलाप सामान्य शिक्षा जस्तो सैद्धान्तिक नभई पूर्ण रूपले प्रयोगात्मक हुन्छ । अतिरिक्त क्रियाकलापमा अभ्यास गरिन्छ र गराइन्छ ।

(ख) अनौपचारिकता

सामान्य शिक्षा निश्चित पाठ्यक्रम बमोजिम तयार भएको पाठ्यपुस्तक अनुसार हुन्छ भने अतिरिक्त क्रियाकलाप एउटै निश्चित पाठ्यक्रम तथा पाठ्यपुस्तकमा आधारित हुन्छ भन्न सकिँदैन । यसको किसिम, गहनता तथा सञ्चालन विद्यालय पिच्छे फरक हुन सक्छ ।

(ग) कक्षा बाहिर सञ्चालन हुने

प्रायः सबै अतिरिक्त कार्यकलाप कक्षा बाहिर सञ्चालन हुन्छन् ।

(घ) सीप, दक्षता र रुची भएका विद्यार्थीले भाग लिने

अतिरिक्त कार्यकलापको व्यवस्था सिद्धान्त अनुसार सबैका निम्ति हुनुपर्ने भए तापनि व्यवहारिक दृष्ट्रिकोणबाट एकै पटक सबै विद्यार्थीहरूले भाग लिन सम्भव देखिँदैन ।

(ङ)  चौतर्फी प्रतिक्रियाको आवश्यकता पर्ने

अतिरिक्त कार्यकलापमा भागलिँदा शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक प्रतिक्रियाहरू प्रयोगमा ल्याउन पर्ने हुँदा यसले व्यक्तिको सर्वाङ्गीण विकासमा प्रत्यक्ष सक्रिय सहयोग पुऱ्याएको हुन्छ ।

## २.२ **सम्बन्धित साहित्यको अध्ययन**

वि.सं. २०१० सालमा गठित राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन अनुसार शिक्षाको उद्देश्यमा बालबालिकाहरूलाई कला, संस्कृति, नाचगान, साहित्य र पुराना कथा कहानीहरूमा पारख गर्न सक्ने बनाउनु भन्ने उल्लेख भएकोले अतिरिक्त क्रियाकलापलाई ध्यान दिएको पाइन्छ ।

### २.२.१ **नेपालको राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८**

नेपालको राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ ले अतिरिक्त क्रियाकलापलाई विद्यालय कार्यक्रमको अभिन्न अङ्गको रूपमा चलाउन अनिवार्य देखाएको पाइन्छ । कार्यक्रममा भाग लिएको र नलिएको आधारमा पनि विद्यार्थीको मूल्याङ्कन गर्ने व्यवस्था गरेको पाइन्छ । अतिरिक्त क्रियाकलाप गराउनका लागि विस्तृत निर्देशन पुस्तिका तयार गराउने व्यवस्था राखेको छ । विद्यालयहरूमा विद्यार्थीहरूको शारीरिक विकासका साथै सिर्जनात्मक सोचाइको विकास गराउन अतिरिक्त तथा सहकार्यकलाप अन्तर्गत खेलाइने खेल एवम् अन्य क्रियाकलापहरूले टेवा पुऱ्याउँछ । अतिरिक्त तथा सहकार्यकलापलाई विद्यालय शिक्षाको एक अभिन्न अङ्गको रूपमा लिइएको छ । यसै तथ्यलाई मनन् गरी राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ ले अतिरिक्त क्रियाकलापहरूलाई निम्नानुसार बताइएको छ ।

- अधिराज्यका सबै शिक्षण संस्थाहरूमा यथाशाक्य आ-आफ्नो शिक्षण संस्थामा एकै किसिमको पोशाक लाउने र उक्त पोशाक राष्ट्रियता झल्काउने, कम खर्चिलो साधारण र स्थानिय हावापानी सुहाउँदो हुनुपर्ने ।
- प्रत्येक शिक्षण संस्थाहरूमा राष्ट्रिय भक्तिभावपूर्ण र मनोरञ्जनपूर्ण गीत गाउने प्रथालाई प्रोत्साहित गर्ने प्रबन्ध मिलाउने ।
- प्रत्येक शिक्षण संस्थाले वर्षको कम्तीमा एउटा नाटक तयार पारी प्रदर्शन गर्ने व्यवस्था गर्ने ।
- राष्ट्रिय कलाहरूप्रति अभिरुची बढाउने दृष्टिकोणले लोक गीत तथा लोकनृत्यको आयोजना गर्ने,
- प्रत्येक शिक्षण संस्थाहरूलाई निम्नलिखित प्रतियोगिताहरूमा भाग लिन लगाउने ।

विद्यालयको फूलवारी प्रतियोगिता

लोकगीत र लोकनृत्य प्रतियोगिता

हाजीरिजवाफ प्रतियोगिता

बादविवाद प्रतियोगिता

चित्रकला प्रतियोगिता

- विद्यार्थीहरूलाई आफ्नो मूलूकको सांस्कृतिक परम्परा, भौगोलिक बिशेषताको जानकारी गराउने उद्देश्यले 'नेपाल दर्शन' जस्तो शैक्षिक भ्रमणको आयोजना गराउने ।
- प्रत्येक विद्यार्थीहरूलाई पि.टी. अनिवार्य र विभिन्न तह एवम् स्थानमा पनि खेलकूदको प्रतियोगिता गराउने ।
- शिक्षण संस्थाको प्रमुख नेतृत्वमा विद्यार्थीहरूबाट सानातिना निर्माणका कार्यहरू गराउने ।
- उपयुक्त मौसममा विद्यार्थीहरूबाट वृक्षारोपण गराउने ।
- राष्ट्रिय चाँडपर्वका दिनहरूमा उक्त चाँडपर्वका महत्त्व बारे प्रबचन तथा उपयूक्त सामुहिक भजन वा प्राथना आदि गराउने ।

### २.२.२ **राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन**, २०४९

विद्यार्थीहरूको मनोवैज्ञानिक तथा बौद्धिक पक्षको विकास गरी व्यक्तित्व निर्माण गर्न अतिरिक्त क्रियाकलापको व्यवस्था गरिएको छ । नेपाल जस्तो मुलुकमा Extra Activities लाई विद्यार्थीहरूको व्यक्तित्व विकासका साथसाथै समाजसेवा, राष्ट्रनिर्माणमा पनि सघाउ हुने गरी लिनुपर्दछ । तर शैक्षिक संस्थाहरूमा कार्यक्रमहरू सञ्चालन गर्ने प्रक्रियामा नियमितताको कमी छ, त्यस्ता विभिन्न कार्यक्रमहरू मध्ये वक्तित्व कला प्रतियोगिता, हाँजिरी जवाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता आदि केही मात्रामा सञ्चालन भएता पनि धेरै जसो शैक्षिक संस्थाहरूमा यस्ता कार्यक्रमहरूको आयोजना भएको पाइँदैन । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू सञ्चालन गरी विद्यार्थीहरूको चौतर्फी विकासका लागि निम्न लिखित पक्षहरूको विकास गर्ने नीति लिएको थियो :

(क) विद्यार्थीहरूमा रचनात्मक प्रतिभाको विकास ।

(ख) विद्यार्थीहरूको शारीरिक विकास ।

(ग) विद्यार्थीहरूको मानसिक र बौद्धिक विकास ।

(घ) विद्यार्थीहरूमा ज्ञान, सीप, अनुभव र समझदारीको विकास ।

(ङ) विद्यार्थीहरूमा सामाजिक सेवा र वातावरण प्रतिको सचेतता बढाउने ।

(च) कार्यक्रमहरूलाई व्यवस्थित गर्न तह अनुसार सञ्चालन ।

विद्यालय तहमा अतिरिक्त क्रियाकलापहरूलाई विद्यार्थीको मौलिक तथा सिर्जनात्मक अभिव्यक्ति सीप र कलाको मूल्याङ्कन गर्ने कसौटीको रूपमा लिन सकिन्छ (पाठ्यक्रम विकास केन्द्र, २०६०) ।

### २.२.३ **शिक्षा नियमावली** (२०५९) **को नियम** (७६) **मा तोकिएका अतिरिक्त क्रियाकलापहरू**

चित्रकला र हस्तकला प्रतियोगिता
वाद्यवादन प्रतियोगिता
नृत्य प्रतियोगिता
नाटक प्रतियोगिता
वक्तृत्वकला प्रतियोगिता
हाजिरीजवाफ प्रतियोगिता
हिज्जे प्रतियोगिता
खेलकूद प्रतियोगिता
साहित्यीक गतिविधिहरू, कविता र निबन्ध प्रतियोगिता
फूलवारी प्रतियोगिता
अन्य प्रतियोगिताहरू

माथिका कार्यक्रमहरूलाई अन्तर विद्यालय तथा अन्तर सदन/समूहमा सञ्चालन गर्न सकिने कुरा उल्लेख गरिएको छ ।

### २.२.४ **अतिरिक्त कार्यकलाप सञ्चालन शिक्षक स्रोत पुस्तिका** (२०६०)

अतिरिक्त कार्यकलाप सञ्चालन शिक्षक स्रोत पुस्तिका (२०६०) का अनुसार कार्यक्रम संचालनका आधारहरू निम्नानुसार रहेका छन् :

पूर्ण सहभागिता
विद्यार्थी केन्द्रीत क्रियाकलाप
लैङ्गिक समानता
प्रतिभा पहिचान
विद्यालयको आवश्यकता
विद्यालयमा प्राप्त सुविधाहरू
विद्यालयको आर्थिक अवस्था
कार्यक्रमको रोचकता
सहयोग जुटाउने

उपर्युक्त विभिन्न सैद्धान्तिक आधारलाई ध्यान दिएर खेलकुद लगायत चित्रकला कविता, निबन्ध, बादविवाद, हाँजिरी जवाफ, हिज्जे, वक्तित्व कला, नाटक, नृत्य, सङ्गीत आदी कार्यक्रमहरूलाई निरन्तर रूपमा कार्यान्वयन गर्न सक्यो भने विद्यार्थीहरूको चौतर्फी विकासमा टेवा पुग्दछ ।

Mina (2003) ले अतिरिक्त क्रियाकलापको महत्त्वलाई play activities for young children मा यसरी दर्शाएको छ ।

Games and play for physical development.
Play activities for learning from the environment.
Play activities for intellectual development.
Play activities for language development
play activities for sensory and emotional development.
organization and equipment for play activities.
play activities for social development.
Creative activities for social development.

कारखेती (२०६२) का अनुसार मानव जीवनमा अतिरिक्त क्रियाकलाप अविच्छिन्न रूपमा रहेको पाइन्छ । चाहे त्यो साथी साथीबीच एकआपसको छलफलमा होस् चाहे कसैको भोजभतेरमा होस् चाहे जोसुकै व्यक्तिको पूजा आजामा होस् चाहे अन्य औपचारिक वा अन्य औपचारिक कार्यक्रममा होस् जहाँकही पनि अतिरिक्त क्रियाकलापको प्रयोग भएन भने सो कार्यक्रमा रोचकता आउँदैन । तसर्थ विद्यालय स्तरको अध्ययन अध्यापनका लागि अतिरिक्त क्रियाकलाप प्रयोगमा ल्याउन आवश्यक छ भनि उल्लेख गरेको पाइयो ।

घिमिरे (२०६३) ले विद्यार्थीहरूको चौतर्फी विकास गर्न विद्यालयमा निम्न तीन किसिमका क्रियाकलापहरू सञ्चालन गनुपर्छ भनि उल्लेख गरेका छन् :

पाठ्यक्रमगत क्रियाकलापहरू : निर्धारित विषयवस्तु शिक्षकसँग सरोकार राख्ने क्रियाकलाप यस अन्तगर्त पर्दछन् । कक्षाकोठा, पुस्तकालय, कार्यशाला, प्रयोगशालामा पाठ्यक्रमगत क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छन् ।

अतिरिक्त क्रियाकलाप : कक्षा शिक्षणको नियमित कोर्ष वा पाठ्यभार भन्दा वाहिरी क्रियाकलापहरू यस अन्तर्गत पर्दछन् । यी कार्यक्रमहरूलाई विद्यालय वा क्याम्पसमा व्यक्तिगत अन्तर सदन र अन्तर विद्यालय/क्याम्पस प्रतियोगिताको रूपमा सञ्चालन गर्न सकिन्छ ।

सह-क्रियाकलाप : वास्तविक शिक्षा कार्यको अप्रत्यक्ष सन्दर्भका रूपमा कक्षाकोठामा सञ्चालन गरिने कार्यकलापलाई सह-कार्यकलाप भन्न सकिन्छ ।

यसरी हेर्दा पाठ्यक्रमगत क्रियाकलापहरू विशेष गरेर ज्ञान, वोध र सीपसँग सम्बन्धीत छन् भने सह-क्रियाकलापहरू अभ्याससँग र अतिरिक्त क्रियाकलापहरू चाँहि To show र Expose सँग सम्बन्धित देखिन्छन् । सहकार्यकलाप पाठ्यक्रमगत क्रियाकलापको प्राण भर्ने कार्य गर्दछ भने अतिरिक्त क्रियाकलाप सामान्य शिक्षाको अभिन्न अङ्गको रूपमा कार्य गर्दछ ।

शिक्षा विभाग (२०६५) द्वारा प्रकाशित बुलेटिन नेपालमा समाहित शिक्षामा अतिरिक्त क्रियाकलाप सम्बन्धमा निम्न कुरा उल्लेख गरिएको छ। बालबालिकाहरूको अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले अधिराज्यका ६३ वटा जिल्लामा अतिरिक्त क्रियाकलापका लागि बजेटको व्यवस्था गरिएको थियो । जसअन्तर्गत विभिन्न खेलहरू, सांस्कृतिक कार्यक्रम, साहित्यीक गतिविधि, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता जस्ता कार्यक्रमहरू सञ्चालन गरी अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरूको सहभागिता बढाउने प्रयास गरेको छ।


माथिका अध्ययनहरूबाट के स्पष्ट हुन्छ भने विद्यार्थीहरूको चौतर्फी विकासका लागि पढाइ र लेखाइको ज्ञान सीप मात्र प्रयाप्त नहुने हुँदा विद्यार्थीहरूका लागि शारीरिक, मानसिक तथा संवेगात्मक विकाससँग सम्बन्धित विभिन्न क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्न अत्यावश्यक हुन्छ। शिक्षा नियमावलीमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू अनिवार्य रूपमा गर्ने गराउने भनिए तापनि धेरैजसो शैक्षिक संस्थाहरूले थोरै कम मात्रामा मात्र सञ्चालन गरेको देखिन्छ। दैनिक पठन पाठनका साथसाथै अतिरिक्त क्रियाकलाप पनि महत्त्वपूर्ण हुने भएकाले यसका लागि व्यवस्थित योजना निर्माण गर्नसके बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुग्दछ। कुन कुन क्रियाकलाप साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक वा वार्षिक रूपमा गर्ने हो सो कुरा योजनामा उल्लेख गरिनु पर्दछ । नेपाल जस्तो मुलुकमा अतिरिक्त क्रियाकलापलाई विद्यार्थीको व्यक्तित्व विकासका साथै समाजसेवा र राष्ट्र निर्माणमा सघाउ हुने गरी लिनु पर्दछ। त्यसैले अतिरिक्त क्रियाकलापको अवस्था हेर्न माथिका अध्ययनहरूले मार्ग निर्देशन पुग्ने देखिएकोले सम्बन्धित साहित्यको रूपमा लिइएको छ।

## २.३ अवधारणात्मक ढाँचा

अवधारणात्मक ढाँचा भन्नाले अध्ययन कर्ताको अध्ययन गर्ने मानसिक नक्सा हो । जसले अध्ययन गर्नुपर्ने विषयको प्रत्येक अंशलाई अध्ययनका आधारहरू तयार गर्दछ । सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था कसरी पहिचान गर्ने, कार्यक्रमहरूमा छात्र र छात्राहरूको सहभागिता कस्तो छ तथा कार्यकलापहरूका बारेमा सरोकारवालाहरूको धारणा पत्ता लगाउन निम्नानुसारको अवधारणात्मक ढाँचाको प्रयोग गरिएको छ।

**चार्ट नं. १**

**सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था अध्ययनका लागि तयार पारिएको रूपरेखा**



माथिको ढाँचामा उल्लेख भए अनुसार यस अध्ययनमा सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्थासँग सम्बन्धित रही अतिरिक्त क्रियाकलापसम्बन्धी सरोकारवालाहरूको धारणा, अतिरिक्त कार्यक्रममा समावेश हुने स्रोत र सामग्रीहरू, अतिरिक्त क्रियाकलापमा समावेश हुने क्रियाकलापहरू र कार्यक्रमहरूले व्यक्तित्व विकासमा पुऱ्याउने सहयोगमा केन्द्रित रहेको थियो । यसैगरी अतिरिक्त क्रियाकलाप सञ्चालन प्रक्रिया, कार्यक्रम सञ्चालनका आधारहरू, कार्यक्रम सञ्चालनमा बाधा पुऱ्याने तत्त्वहरू र कार्यक्रमहरूलाई स्तरीय बनाउने उपायहरूमा पनि केन्द्रित गरिएको थियो । विद्यार्थीहरूको लिङ्गगत, जातीगत र उमेर समूहका आधारमा अतिरिक्त क्रियाकलापमा सहभागिता हेर्न प्रणाली सिद्धान्तले सहयोग पुऱ्याउने भएकाले अवधारणात्मक ढाँचामा यस सिद्धान्तको प्रयोग गरिएको छ ।

# परिच्छेद तीन
# अध्ययन विधि

अनुसन्धान एक जटिल कार्य हो । अनुसन्धान जस्तो कठिन कार्य सम्पन्न गर्नको निम्ति पूर्व योजना एवम् अनुसन्धान ढाँचाको आवश्यकता पर्दछ । के कस्तो उद्देश्य प्राप्तीको निम्ति के कस्तो किसिमको साधन, स्रोत र प्रविधिको प्रयोग गर्ने, नमुनाको आकार कत्रो राख्ने भन्ने जस्ता कुराहरूलाई निश्चित तौरतरिकाको प्रयोग गरी सूचना प्राप्त गर्नु नै अध्ययन विधि हो । अनुसन्धान विधि अनुसन्धान गरिने विषयको प्रकृति, अध्ययनको उद्देश्य, संकलित सूचनाको किसिम आदि पक्षमा निर्भर रहन्छ । यो शोधअध्ययन मुख्यतयाः गुणात्मक विधि अन्तर्गतका बहुसूचना संकलनका साधनहरू प्रयोग गरी सम्पन्न गरिएको थियो ।

## ३.१ अनुसन्धान ढाँचा

वास्तविक सूचना प्राप्तीको निम्ति के कस्ता स्रोत साधनको प्रयोग गर्ने ती स्रोत साधनलाई कसरी परिचालित गर्ने कुन कुन उद्देश्य प्राप्तीका निम्ति के कस्ता स्रोत र साधन आवश्यक पर्न सक्छन् भनि पूर्व निर्मित तालिकालाई नै अनुसन्धान ढाँचा भनिन्छ । अनुसन्धान ढाँचा अनुसन्धान गरिने विषयवस्तुको प्रकृति, अध्ययनको उद्देश्य र सुचनाहरूको प्रकृति हेरी निर्धारण गरिएको थियो । यस अनुसन्धान ढाँचामा वर्णनात्मक विधिको प्रयोग गरिएको थियो ।

| क्र.सं. | उद्देश्य | साधन | स्रोत |
|---|---|---|---|
| १ | अतिरिक्त क्रियाकलाप सम्बन्धमा स रोकारवालाहरूको धारणा पत्ता लगाउनु | अन्तर्वार्ता, प्रश्नावली, लक्षित समूह छलफल | प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरू |
| २ | सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलापको अवस्था पहिचान गर्न | अन्तर्वार्ता, प्रश्नावली, दस्तावेज अध्ययन | प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरू |
| ३ | अतिरिक्त क्रियाकलापमा छात्रछात्राहरूको सहभागित ा पत्ता लगाउनु | प्रंश्नावली दस्तावेज अध्ययन | शिक्षक, विद्यालय अभिलेख |

## ३.२ जनसंख्या र नमुना

जनसंख्या भन्नाले अनुसन्धानकर्ताको रुची अनुसारका एकै किसिमका विशेषता मिल्ने व्यक्तिहरूको समूहलाई जनाउँछ भने नुमुना भन्नाले कुनै निश्चित क्षेत्रको जनसंख्याबाट झिकिएको त्यो सानो समूह हो । जसले सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्दछ (खनाल, २०६६) । अध्ययन अनुसन्धानको प्रक्रियामा सम्पूर्ण जनसंख्यालाई लिएर अध्ययन अनुसन्धान सम्भव हुँदैन । बढी भरपर्दो र विश्वासिलो सूचना प्राप्तीको निम्ति सम्पूर्ण जनसंख्याको उचित प्रतिनिधित्व हुने गरी नमुनाको आकार छनोट गर्नु उत्तम मानिन्छ । यस अध्ययनमा उद्देश्यात्मक नमूना छनौट विधि र सम्भावनामा आधारित नमुना छनौट विधिको प्रयोग गरिएको थियो ।

### ३.३ नमुना छनोट विधि

निश्चित जनसंख्या र अध्ययन क्षेत्रको छनोट गर्न वैज्ञानिक विधिको आवश्यकता पर्दछ । यस अध्ययनमा विद्यालय छनोटका लागि उद्देश्यमूलक विधिको प्रयोग गरिएको थियो । किनभने विद्यालयहरू भौगोलिक दुरीले टाढा रहेका थिए । यसै गरी प्रधानाध्यापक तथा शिक्षकहरूको लागि उद्देश्यात्मक नमुना छनोट विधि र विद्यार्थीहरूका लागि सम्भावनामा आधारित विधिलाई उपयोग गरिएको थियो ।

### ३.४ क्षेत्र छनोट

यस अध्यनको उद्देश्य प्राप्तीका निम्ति बैतडी जिल्लाको देउलेक गाउँ विकास समिति वार्ड नं. १ मा पर्ने छानि सामुदायिक प्राथमिक विद्यालय, वार्ड नं. २ मा पर्ने श्री चनैराज निम्न माध्यमिक विद्यालय, वार्ड नं. ३ मा पर्ने श्री गणैराज सामुदायिक प्राथमिक विद्यालय, वार्ड नं. ५ मा पर्ने भूमेश्वर निम्न माध्यमिक विद्यालय र देउलेक गा.वि.स.कै वार्ड नं ८ मा पर्ने श्री भूमिराज माध्यमिक विद्यालयलाई भौगोलिक दृष्टिले विकट रहेकाले अतिरिक्त क्रियाकलापको अवस्था के कस्तो छ भनी यो ठाउँलाई उद्देश्यमूलक नमुना छनौट प्रक्रियाको आधारमा अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको थियो ।

#### ३.४.१ विद्यालयको छनोट

विद्यालयको छनोट गर्ने प्रयोजनका लागि बैतडी जिल्लामा पर्ने एउटा नगरपालिका र ६२ वटा गा.वि.स. मध्ये आफूलाई पायक पर्ने देउलेक गा.वि.स.मा परेका सम्पूर्ण सामुदायिक विद्यालयहरू छनोट गरिएको थियो ।

#### ३.४.२ प्रधानाध्यापक र शिक्षकको छनोट

छनोट गरिएका ५ वटै विद्यालयहरूका प्रधानाध्यापक र अतिरिक्त क्रियाकलाप प्रति चासो राख्ने प्रत्येक विद्यालयका १/१ शिक्षकहरूलाई अन्तर्वार्ता र प्रश्नावलिका लागि छनोट गरिएको थियो ।

#### ३.४.३ विद्यार्थीहरूको छनोट

अध्ययनको लागि वास्तविक सूचनाहरू प्राप्त गर्न प्रति विद्यालयका छात्र र छात्रा पर्ने गरी जम्मा ५४ जना विद्यार्थीहरूलाई लक्षित सूमह छलफलका लागि छनोट गरिएको थियो ।

समग्रमा यस अध्ययनका लागि ५ जना प्र.अ., ५ जना शिक्षक र ५४ जना विद्यार्थी गरी जम्मा ६४ जना छनोट गरिएका थिए ।

### ३.५ अध्ययनका साधन

सूचना संकलनको औजारको रूपमा तथ्याङ्क संकलनका साधनलाई लिन सकिन्छ, वास्तविक, प्राकृतिक र तथ्यगत सूचना संकलन गर्नको निमित्त निम्न साधनहरूको निर्माण गरिएको छ ।

#### ३.५.१ प्राथमिक स्रोतहरू

सूचना तथा तथ्याङ्क संकलनका प्राथमिक स्रोतहरू अन्तर्गत देहाय बमोजिमका साधनहरूको प्रयोग गरिएको थियो ।

##### ३.५.१.१ अन्तर्वार्ता प्रश्नावली

छनोट गरिएका प्रत्येक विद्यायका प्रधानाध्यापकसंग अतिरिक्त क्रियाकलापको अवस्था र अतिरिक्त क्रियाकलापसम्बन्धीको धारणा तथा अर्थ पत्ता लगाउन संरचित र असंरचित अन्तर्वार्ता प्रश्नावली प्रयोग गरी सूचनाहरू लिइएको थियो (अनुसूची १ मा हेर्नुहोस्) ।

##### ३.५.१.२ प्रश्नावली

छनोट गरिएका प्रत्येक विद्यालका १/१ जना शिक्षकहरूसँग अतिरिक्त क्रियाकलापमा छात्र र छात्राहरूको सहभागिता अतिरिक्त क्रियाकलापको अवस्था र अतिरिक्त क्रियाकलापका बारेमा उनिहरूको धारणा पत्ता लगाउन बन्द र खुल्ला प्रश्नावली भराइएको थियो (अनुसूची २ मा हेर्नुहोस्) ।

##### ३.५.१.३ लक्षित समूह छलफल निर्देशिका

सूचनाको स्रोतको रूपमा छनोट गरिएका विद्यार्थीहरूबाट अतिरिक्त क्रियाकलापको अवस्था र अतिरिक्त क्रियाकलापका बारेमा उनीहरूको धारणा बुझ्नका लागि लक्षित समूह छलफल निर्देशिका तयार पारिएको थियो (अनुसूची ३ मा हेर्नुहोस्) ।

#### ३.५.२ सहायक स्रोतहरू

सूचना संकलनका सहायक स्रोतहरू अन्तर्गत अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूको अवस्था र कार्यक्रमहरूमा छात्र/छात्राहरूको सहभागिता हेर्न विद्यालयहरूको वार्षिक शैक्षिक क्यालेन्डर र रेकर्ड फाईलहरूबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो ।

### ३.६ साधनहरूको बैधता

यस अध्ययनमा उद्देश्य अनुरूप सूचनाहरू संकलन गर्नको लागि प्रश्नावली, अन्तर्वार्ता निर्देशिका, लक्षित समूह छलफल निर्देशिका र दस्तावेज अध्ययनको प्रयोग गरिएको थियो । उक्त साधनलाई सर्वप्रथम आफूले निर्माण गरी सहपाठी साथीहरू बीच छलफल गरिएको थियो । उक्त छलफलबाट प्राप्त प्रतिक्रिया अनुसार परिमार्जन गरी शोध निर्देशक समक्ष प्रस्तुत गरिएको थियो । शोध निर्देशकको राय सुझाव र सल्लाह अनुसार साधनहरूलाई अन्तिम रूप दिई सूचना संकलन गर्न प्रयोग गरिएको थियो ।

## ३.७ सूचना संकलन प्रक्रिया

यथार्थ सूचना प्राप्तीको निम्ति सूचना संकलन प्रक्रियामा विचार पुऱ्याउनु पर्दछ । यस अध्ययनमा सूचना संकलनका लागि अध्ययन क्षेत्रमा गएर सूचना संकलन गरिएको थियो । सूचना संकलन सहयोगका निम्ति क्याम्पसबाट सिफारिस पत्र लिई नमुना छनोटमा परेका विद्यालयमा गई विद्यालयका प्र.अ.लाई भेटेर आफ्नो अध्ययनको उद्देश्य स्पष्ट पारी अध्ययन गर्ने अनुमति र सहयोग मागिएको थियो । सूचना दाताहरूसँग सुमधुर सम्बन्ध गासी सूचना संकलनका लागि क्षेत्र नोटको प्रयोग गरिएको थियो ।

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि नमूना छनोटमा परेका प्रत्येक विद्यालयका प्रधानाध्यापकका लागि तयार पारिएको अन्तर्वार्ता अनुसूचिको माध्यमबाट अतिरिक्त क्रियाकलापको अवस्था र अतिरिक्त क्रियाकलाप प्रतिको धारणासम्बन्धी सूचना प्राप्त गरिएको थियो । छनोटमा परेका विद्यालयका शिक्षकहरूबाट यस अध्ययनसम्बन्धी सूचना प्राप्त गर्न प्रश्नावली भराई कार्यक्रममा छात्र/छात्राहरूको सहभागिता, कार्यक्रमहरूको बारेमा शिक्षकहरूको धारणा र अतिरिक्त क्रियाकलापको अवस्थासम्बन्धी आवश्यक सूचना संकलन गरिएको थियो । अन्तमा लक्षित समूह छलफलका लागि छनोटमा परेका विद्यार्थीहरूबाट अतिरिक्त क्रियाकलापको अवस्था र अतिरिक्त क्रियाकलापसम्बन्धी उनिहरूको धारणा बुझ्न लक्षित समूह छलफल निर्देशिकाको प्रयोग गरी आवश्यक सूचना संकलन गरिएको थियो । यस शोधअध्ययनमा विषेश गरी गुणात्मक पद्दतिलाई प्रयोग गरी सूचनाको संकलन गरेर विश्लेषण र व्याख्या गरिएको थियो ।

## ३.८ नैतिकताको मापदण्ड

कुनै पनि अध्ययनलाई राम्रोसङ्ग सम्पन्न गर्नको लागि त्यसका नीतिगत पक्षलाई ख्याल गर्नु पर्दछ । आफूले अध्ययन गर्न अघि सम्बन्धित क्षेत्रमा कति सम्म अगाडी गएर प्रश्न गर्न सकिन्छ । त्यहाँको सामाजिक परिवेश कस्तो छ भनि विचार गर्नुपर्दछ । अध्ययनको क्रमा सूचना संकलन गर्दा जथाभावि रूपमा प्रश्न गर्ने हक अनुसन्धान कर्तालाई हुँदैन । अध्ययनको क्रममा यी सम्पूर्ण नीतिगत पक्षलाई ख्याल गरी सूचना संकलन गरेर यो अध्ययन प्रतिवेदन तयार पारेको छु उत्तर दातालाई उनीहरूबाट प्राप्त जवाफहरू केवल शोधकार्यको प्रयोगको लागि हो भनेर विश्वस्त पारी सूचना संकलन गरेको छु ।

# परिच्छेद–चार
# सूचनाको विश्लेषण र व्याख्या

## ४.१ अतिरिक्त क्रियाकलाप सम्बन्धमा सरोकारवालाहरूको धारणा

भौतिक मापनमा जस्तो मनोवैज्ञानिक मापनमा व्यक्तिका व्यवहार तथा सामाजिक संघसंस्थाका व्यवहारहरू वा क्रियाकलापहरूलाई सजिलैसँग मापन गर्न सम्भव हुँदैन र एकनासको परिणाम पनि आउन सक्दैन (पराजुली र साथीहरू, २०६६) । विद्यालयहरूमा हुने अतिरिक्त क्रियाकलापको माध्यमबाट विद्यार्थीहरूमा रहेको अन्तरनेहीत क्षमतालाई प्रस्फुट्न गर्न सकिन्छ । सामान्य शिक्षाबाट लिएको ज्ञानलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्नमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूले सहयोग पुऱ्याएको देखिन्छ । अतिरिक्त क्रियाकलाप सामान्य शिक्षाको त्यो पुरक पक्ष हो जसले पाठ्क्रमभन्दा बाहिर रहेर पनि पाठ्यक्रम जत्तिकै महत्त्वपूर्ण भूमिका खेल्दछ । त्यसैले अतिरिक्त क्रियाकलाप सञ्चालन र कार्यान्वयनमा प्रधानाध्यापक शिक्षक एवम् विद्यार्थीहरूको सक्रियता र सहभागिता हुन आवश्यक देखिन्छ ।

अध्ययन क्षेत्रको नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरूले अतिरिक्त क्रियाकलाप सम्बन्धमा व्यक्त गरेका विचार एवम् धारणाहरूलाई उनिहरूले दिएको प्रतिक्रियाको आधारमा प्राथमिकतामा राखि तालिकाको माध्यमबाट विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं. ४.१**

**अतिरिक्त क्रियाकलापको अर्थका बारेमा सरोकारवालाहरूको धारणा**

| प्रधानाध्यापकहरूबाट प्राप्त प्रतिक्रिया | शिक्षकहरूबाट प्राप्त प्रतिक्रिया | विद्यार्थीहरूबाट प्राप्त प्रतिक्रिया |
|---|---|---|
| विद्यार्थीहरूको शारीरिक, मानसिक सामाजिक तथा संवेगात्मक विकासका लागि सञ्चालन गरिने क्रियाकलाप | विद्यार्थीको कला सौन्दर्य र सिर्जनात्मक क्षमता उजागर गर्ने क्रियाकलाप | कक्षा शिक्षण बाहेक अतिरिक्त समयमा हाजिरी जवाफ हिज्जे सांस्कृतिक कार्यक्रम र खेलकूदका कार्यक्रम सञ्चालन गर्नु |
| विद्यार्थीको कला, सौन्दर्य र सिर्जनात्मक क्षमता उजागर गर्ने क्रियाकलाप | विद्यार्थीको चौतर्फी विकासका लागि सञ्चालन गरिने क्रियाकलाप, | विद्यालयमा सञ्चालन हुने विभिन्न खेलकूद कार्यक्रमहरू |
| कक्षा शिक्षणलाई सहयोग पुग्ने गरी गराइने क्रियाकलाप | कक्षा शिक्षण पुरा गरिसकेपछि शुक्रवारका दिन सञ्चालन गरिने कार्यकलाप | कक्षा कोठामा सिकेको ज्ञान वा सीपलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्ने कार्यकलाप |
| कार्यक्रमहरूले विद्यार्थीहरूलाई पढाई प्रति जागरुक गराउने | मौकामा उपयुक्त निर्णय गर्ने बानीको विकास | कार्यक्रममा भाग लिई स्थान ओगट्दा आत्म गौरव बढ्ने |
| अनुशासनको पाठ सिकाउने, अभिनय गर्ने वानीको विकास | विद्यार्थीहरूको कला र सीप अनुसार भविष्यको वाटो रोज्न सकिने, | सामाजिक कार्यक्रमहरूमा सहभागी हुने प्रेरणा मिल्ने |
| आत्मसंयमी र धैर्यशील बनाउने, सीप विकासमा सहयोग | लगनशील बन्ने बानीको विकास, फुर्सदको समयको सदुपयोग | अतिरिक्त कार्यक्रमले जोश, जाँगर र कौतुहलता प्रदान गर्ने |

माथिको तालिका नं. ४.१ लाई विश्लेषण गर्दा अतिरिक्त क्रियाकलाप भन्नाले विद्यार्थीहरूको शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक विकासका लागि सञ्चालन गरिने क्रियाकलापलाई जनाइन्छ भन्ने कुरा प्रधानाध्यापकहरूले जवाफ दिएको पाइयो । विद्यार्थीको कला, सौन्दर्य र सिर्जनात्मक क्षमता उजागर गर्ने क्रियाकलापलाई पनि अतिरिक्त कार्यक्रमको रूपमा व्याख्या गरे । यसका साथै कक्षा शिक्षणलाई सहयोग पुग्ने गरी विद्यालयमा गराइने क्रियाकलापलाई पनि अतिरिक्त क्रियाकलाप भन्न सकिन्छ भनि प्रधानाध्यापकहरूले आफ्नो धारणा व्यक्त गरेका थिए । विद्यालयमा हुने अतिरिक्त कार्यक्रमहरूले विद्यार्थीहरूमा नियमित रूपमा अधययन गर्ने बानीको विकास, अभिनय गर्ने सीप, सिर्जनात्मक र रचनात्मक सोच, लैङ्गीक समानतासम्बन्धी भावनाको विकास गर्ने कुरालाई जोड दिए । यसका साथै आफ्नो र वातावरणको सरसफाईमा सहयोग पुऱ्याउने, अनुशासनको पाठ सिकाइ आत्मसंयमी वा धैर्यसिल बन्नमा मद्दत पुऱ्याउने र सीप विकासमा सहयोग पुग्ने कुरा प्रधानाध्यापकहरूको प्रतिक्रियाबाट स्पष्ट हुन्छ ।

शिक्षकहरूबाट प्राप्त प्रतिक्रिया अनुसार अतिरिक्त क्रियाकलाप भन्नाले विद्यार्थीको कला सौन्दर्य र सिर्जनात्मक क्षमता उजागर गर्ने कार्यक्रमहरूको रूपमा लिएको पाइयो । विद्यार्थीहरूको चौतर्फी विकासका लागि विद्यालयमा सञ्चालन हुने कार्यक्रमलाई पनि अतिरिक्त कार्यक्रमको रूपमा लिन सकिने कुरा शिक्षकहरूले व्यक्त गरे । यसका साथै शुक्रवारका दिन कक्षा शिक्षण पुरा गरी सकेपछि सञ्चालन गरिने कार्यक्रमहरूलाई पनि अतिरिक्त क्रियाकलापको रूपमा लिएको पाइयो । अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूले विद्यार्थीहरूमा मौकामा उपयुक्त निर्णय गर्ने बानीको विकास गराउनका साथै आफ्नो सीप र कला अनुसार भविष्यको बाटो रोज्नमा सहयोग पुऱ्याउने कुरा शिक्षकहरूले व्यक्त गरेका थिए । विद्यार्थीमा लगनशील हुने बानीको निर्माण गराउनका साथै उनिहरूले शारीरिक तन्दुरुस्ती प्राप्त गर्न सक्ने कुरा शिक्षकहरू को प्रतिक्रियाबाट प्राप्त भयो । अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूले विद्यार्थीहरूको सीप विकासमा सहयोग पुऱ्याउने कुरा शिक्षकहरूको प्रतिक्रियामा पाइयो ।

नमुना छनोटमा परी सूचनादाताको रूपमा रहेका विद्यार्थीहरूले अतिरिक्त क्रियाकलापलाई विभिन्न अर्थमा लिएको पाइयो । विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि कक्षा शिक्षण बाहेक अतिरिक्त समयमा हाजिरी जवाफ प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, हिज्जे प्रतियोगिता र खेलकूदका विभिन्न प्रतियोगितात्मक कार्यक्रमहरू संचालन गर्नुलाई अतिरिक्त क्रियाकलापको रूपमा विद्यार्थीले लिएको पाइयो । छनोटमा परेका धेरै विद्यार्थीहरूले विद्यालयमा हुने खेलकूदका कार्यक्रममा मात्र सीमित राखेका थिए । थोरै विद्यार्थीहरूले कक्षाकोठामा सिकेको ज्ञान वा सीपलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्ने एउटा उपयुक्त क्रियाकलापको रूपमा लिएको पाइयो । अतिरिक्त कार्यक्रमहरू निरन्तर रूपमा विद्यालयले गराइरहने हो भने आफूहरूको सिर्जनात्मक क्षमतामा विकास हुने कुरा विद्यार्थीको प्रतिक्रियाबाट स्पष्ट हुन्छ ।

विद्यालयमा सञ्चालन हुने अतिरिक्त कार्यक्रमहरूले आफूहरूमा जोश जाँगर र कौतुहलता प्रदान गर्ने तथा यस्ता कार्यक्रममा भाग लिएर स्थान ओगट्दा पुरुस्कार पाएपछि आत्मगौरव बढ्ने धारणा विद्यार्थीहरूले व्यक्त गरेका थिए । कार्यक्रममा सहभागी हुँदा खेलाडीपनको गुणँ, धैर्यधारणा, समूहप्रति आस्था, आचरण, अनुशासन, समूहमा गर्नुपर्ने व्यवहार र सामाजिक कार्यक्रमहरूमा सहभागी हुन अतिरिक्त कार्यक्रमहरूले प्रेरणा दिने कुरामा विद्यार्थीहरूले आफ्नो प्रतिक्रिया व्यक्त गरेका थिए ।

अतिरिक्त कार्यकलाप सञ्चालन शिक्षक स्रोत पुस्तिका, (२०६०) ले अतिरिक्त क्रियाकलाप भन्नाले विद्यार्थीहरूमा ज्ञान सीप अभिवृद्धि र क्षमताको विकास गराउन उनिहरूमाझ सञ्चालन गरिने शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षसँग सम्बन्धित विभिन्न कार्यक्रमहरूलाई जनाउँछ भनि उल्लेख गरेको पाइयो ।

तर अध्ययन स्थलबाट प्राप्त सूचना अनुसार विद्यार्थीहरूको व्यक्तित्व विकासका विभिन्न पक्षहरूमा सहयोग पुग्ने गरी विद्यालयले कक्षा शिक्षण बाहेक अतिरिक्त समयमा सञ्चालन गर्ने विभिन्न किसिमका कार्यक्रमहरूलाई अतिरिक्त क्रियाकलापको रूपमा लिएको पाईयो । समग्रमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू प्रति विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरूको सकारात्मक धारणा रहेको पाईयो । अतिरिक्त कार्यक्रमहरूलाई सामान्य शिक्षाको पुरकको रूपमा लिएको पाइयो । कक्षाकोठामा प्राप्त गरेका ज्ञान सीपलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न अतिरिक्त कार्यक्रमले सहयोग गर्ने देखियो । अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूले विद्यार्थीहरूको व्यक्तित्व विकासका शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षहरूमा सहयोग पुऱ्याउने भएकाले प्रत्येक विद्यालयहरूले अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू सञ्चालन गर्नको लागि निश्चित नीति, नियम र पद्धति बनाई सोका आधारमा शुक्रवार सञ्चालन गरिने अतिरिक्त कार्यक्रमहरूको संरचना वा रूपरेखा तयार गर्नुपर्ने देखियो ।

### ४.१.१ अतिरिक्त कार्यक्रममा समाविष्ट क्रियाकलापहरू

विद्यार्थीहरूको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका निम्ति विद्यालय तहमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक ठानिन्छन् । विद्यालयले कक्षा शिक्षणको पठन पाठनका साथसाथै अतिरिक्त कार्यक्रमहरूका लागि पनि समय दिनुपर्ने देखिन्छ । शिक्षा नियमावली, (२०५९) मा शुक्रबारे अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू उल्लेख गरिएको छ । शिक्षा नियमावलीमा अतिरिक्त कार्यक्रम अनिवार्य रूपमा गर्ने गराउने भनिए तापनि विद्यालयहरूले विद्यालयमा प्राप्त स्रोत, सामग्रीहरू, विद्यालयको आर्थिक अवस्था र खेलमैदानको उपलब्धताको अवस्थाहरू हेरी अतिरिक्त कार्यक्रमहरू सञ्चालन गर्दै आएको देखियो ।

अतिरिक्त तथा सहकार्यकलाप निर्देशिका (२०६१) ले विद्यालय तहमा सञ्चालन गरिने अतिरिक्त कार्यक्रमहरूलाई निम्नानुसार बताएको छ ।

| |
|---|
| शारीरिक व्यायाम, |
| कवाज |
| विद्यालयमा गाइने गीतहरू (राष्ट्रिय गान, सामुहिक गीत, कक्षागत गीत, स्थानिय लोकगीतहरू, बालगीतहरू) |
| पोशाक |
| सरसफाई (व्यक्तिगत र विद्यालय सरसफाई) |
| फूलवारी |
| हस्तलेखन |
| भित्ते पत्रिका |
| हाजिरी जवाफ |
| हिज्जे प्रतियोगिता |
| बादविवाद प्रतियोगिता |
| साहित्यिक गतिविधि (निबन्ध, कविता) |
| चित्रकला र हस्तकला |
| सांकृतिक कार्यक्रम (एकाङ्की नाटक, सडक नाटक, लोकगीत, लोकनृत्य तथा शास्त्रीय नृत्य) |
| सामाजिक कार्य (समाजसेवा तथा परोपकार, स्काउटीङ) |
| योगासन (पद्यमासन, सर्वाङ्गासन, हलासन, धनुषासन, भुजङ्गासन) |
| प्राथमिक उपचार |

एक शैक्षिक सत्रभित्र सञ्चालन गर्ने अतिरिक्त क्रियाकलापको अवस्थासम्बन्धी अध्ययन गर्दा अध्ययन क्षेत्रको नमुना छनोटमा परी सूचना दाताको रूपमा रहेका प्रधानाध्यापक शिक्षक र विद्यार्थीहरूको अतिरिक्त क्रियाकलापमा समावेश हुने कार्यक्रमहरूलाई उनीहरूको प्रतिक्रियाको आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

| |
|---|
| खेलकूदका कार्यक्रमहरू |
| सांस्कृतिक कार्यक्रम |
| साहित्यिक गतिविधि (निबन्ध र कविता) |
| नाटक प्रतियोगिता |
| सरसफाई कार्यक्रम |
| चित्रकला र हस्तकला प्रतियोगिता |
| हाजिरीजवाफ |
| हिज्जे प्रतियोगिता |

माथि उल्लेखित कार्यक्रमहरूलाई विद्यालयहरूले उपलब्ध स्थानीय स्रोत साधन र सामग्रीअनुसार सञ्चालन गर्ने गरेको पाइयो । कार्यक्रम सञ्चालनमा विद्यार्थीहरूको रुची र आवश्यकतालाई पनि ध्यान दिने गरेको पाइयो । अध्ययन क्षेत्रको नमुना  छनोटमा परेका पाँच

वटा विद्यालयहरू मध्ये छानी सामुदायिक प्राथमिक विद्यालय र भूमेश्वर निम्न माध्यमिक विद्यालयले वार्षिक कार्ययोजना तयार पारी सो अनुरूप अतिरिक्त कार्यक्रमहरू सञ्चालन गर्ने गरेको सूचनादाताहरूले प्रतिक्रिया दिए । बाँकी तीनवटा विद्यालयहरूले बार्षिक कार्ययोजनामा अतिरिक्त कार्यक्रमहरूको विवरण उल्लेख गरेको पाइएन । शैक्षिक सत्रभरि गरिने अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूलाई छनोटमा परेका विद्यालयहरूले निम्नानुसार सञ्चालन गर्ने गरेको पाइयो ।

छानी सामुदायिक प्रा.वि.ले प्रत्येक शुक्रवार अतिरिक्त कार्यक्रमहरू गर्ने गरेको विद्यालयको वार्षिक कार्ययोजना र सूचनादाताको प्रतिक्रिया मिल्न गएको पाइन्छ । विद्यालयमा सञ्चालन हुने कार्यक्रमहरूमा सरसफाई कार्यक्रम, सांस्कृतिक कार्यक्रम, हाजिरी जवाफ प्रतियोगिता र खेलकूदका कार्यक्रमहरू अन्तर्गत रुमाल चोर, विस्कुट दौड, माझीदाई, कपर्दी सञ्चालन गर्ने गरेको देखियो । नाटक, कविता, हिज्जे, निबन्ध चित्रकला र हस्तकला योगासन, सामाजिक कार्य, वादविवाद, भित्ते पत्रिका, कवाज, फूलवारी कार्यक्रम र हस्तलेखन जस्ता कार्यक्रमहरू सञ्चालन हुने गरेको देखिएन ।

चनैराज निम्न माध्यमिक विद्यालयले वार्षिक कार्ययोजनामा कार्यक्रमहरू उल्लेख नगरेपनि महिनाको दुइपटक अतिरिक्त कार्यक्रमहरू सञ्चालन गर्ने कुरा प्रधानाध्यापक शिक्षक र विद्यार्थीहरूको प्रतिक्रियाबाट प्राप्त भयो । विद्यालयमा सञ्चालन हुने कार्यक्रमहरूमा हाजिरी जवाफ, हिज्जे प्रतियोगिता सांस्कृतिक कार्यक्रम, सरसफाई, चित्रकला र हस्तकला प्रतियोगिता रहेका पाइए भने खेलकूदका कार्यक्रमहरू अन्तर्गत कुर्सीखेल, माझीदाई, रुमाल चोर, कपर्दी, क्रिकेट खेल खेल्ने गरेको पाइयो । नाटक निबन्ध, कविता, शैक्षिक, भ्रमण, वादविवाद योगासन, सामाजिक कार्य, प्राथमिक उपचार, फूलवारी कार्यक्रम हस्तलेखन, भित्तेपत्रिका, कवाज जस्ता कार्यक्रमहरूको उपस्थिति देखिएन विद्यालयको वार्षिकोत्सवमा छिमेकी विद्यालयहरूलाई आमन्त्रण गरी अन्तर विद्यालय प्रतियोगिताहरू सञ्चालन गर्ने गरेको प्रधानाध्यापक शिक्षक र विद्यार्थीहरूको प्रतिक्रियामा देखियो ।

गणैराज सामुदायिक प्रा.वि.ले वार्षिक कार्ययोजनामा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू उल्लेख गरेको देखिएन । सूचनादाताहरूबाट प्रतिक्रिया लिँदा महिनाको दुईचोटी मात्र कार्यक्रमहरू सञ्चालन गर्ने गरेको देखियो । सांस्कृतिक कार्यक्रम, हाजिरी जवाफ, सरसफाई कार्यक्रम, हिज्जे प्रतियोगिता र खेलकूदका कार्यक्रमहरूमा रुमालचोर, माझी दाई, रिलेदौड, कुर्सीखेल र कपर्दी सञ्चालन हुने गरेको पाइयो । विद्यालयमा नाटक, निबन्ध, कविता चित्रकला र हस्तकला, प्राथमिक उपचार, नियमित पोशाक, योगासन, सामाजिक कार्य, शैक्षिक भ्रमण, भित्ते पत्रिका, हस्तलेखन वादविवाद प्रतियोगिता र कवाज जस्ता कार्यक्रमहरू सञ्चालन हुने गरेको देखिएन ।

भूमेश्वर निम्न माध्यमिक विद्यालयले विद्यालयको वार्षिक कार्ययोजनामा अतिरिक्त कार्यक्रमहरूको विवरण उल्लेख गरेको पाईयो । विद्यालयमा सञ्चालन हुने अतिरिक्त कार्यक्रमहरू महिनाको दुई पटक मात्र हुने देखियो । सञ्चालन हुने कार्यक्रमहरूमा सांस्कृतिक कार्यक्रम, हाजिरी जवाफ, हिज्जे प्रतियोगिता चित्रकला र हस्तकला प्रतियोगिता, खेलकूद अन्तर्गत भलिबल, क्रिकेट, एथलेटीक्स, रुमाल चोर विस्कुट दौड र कुस्ती खेल सञ्चालन हुने गरेका देखिन्छन भने साहित्यीक गतिविधि, नाटक, निबन्ध वादविवाद र फूलबारी कार्यक्रम, सामाजिक कार्य, शैक्षिक भ्रमण, कवाज, योगाशन, भित्तेपत्रिका, प्राथमिक उपचार, बादविवाद प्रतियोगिता जस्ता कार्यक्रमहरू हुने गरेको देखिएन ।

भूमिराज माध्यमिक विद्यालय चडेपानीले विद्यालयको वार्षिक कार्ययोजना निर्माण गरेको देखिएन । अतिरिक्त कार्यक्रमहरूलाई महिनाको दुईपटक सञ्चालन गर्ने कुरा प्रतिक्रिया दाताहरूको सूचना वा धारणाबाट प्रष्ट हुन आयो । निबन्ध प्रतियोगिता, हिज्जे प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, सरसफाई कार्यक्रम, फूलवारी प्रतियोगिता, नाटक कविता प्रतियोगिता, स्थानिय लोक डेउडा, चित्रकला र हस्तकलाका साथै खेलकूद कार्यक्रम अन्तर्गत विद्यार्थीहरूको उमेर र तह अनुसार भलिबल, क्रिकेट, कपर्दी, एथलेटिक्स, माफ्रीदाई, रुमाल चोर र कुर्सिखेल सञ्चालन गर्ने गरेको प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरूको प्रतिक्रियाबाट स्पष्ट हुन्छ । विद्यालयको वार्षिकोत्सवमा हाजिरी जवाफ र अन्य खेलकूदका कार्यक्रमहरू राखी छिमेकी विद्यालयहरूलाई आमन्त्रण गरेर अन्तर विद्यालय प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गर्ने गरेको सूचनादाताहरूले धारणा व्यक्त गरेका थिए । तर विद्यालयले शैक्षिक भ्रमण, वक्तित्त्वकला, कवाज, प्राथमिक उपचार, सामाजिक कार्य, योगासन र शारीरिक व्यायम जस्ता कार्यक्रमहरू कार्यक्रम सञ्चालन नगरेको देखियो ।

समग्रमा हेर्दा खेलकूद, सांस्कृतिक कार्यक्रम, हाजिरी जवाफ र सरसफाई कार्यक्रममा सबै विद्यालयलहरूले प्राथमिकता दिने गरेको पाईयो । हिज्जे प्रतियोगिता तीनवटा विद्यालयले मात्र सञ्चालन गर्ने गरेको देखियो । यस्तै गरी साहित्यीक गतिविधिका कार्यक्रमहरू दुईवटा विद्यालयले मात्र सञ्चालन गरेको पाइयो । नाटक एउटा विद्यालयले मात्र प्रदर्शन गरेको देखियो । दुईवटा विद्यालयमा चित्रकला र हस्तकला प्रतियोगिता सञ्चालन नभएको पाइयो । अतिरिक्त तथा सहकार्यकलाप निर्देशिका (२०६१) मा उल्लेख भएका शारीरिक व्यायाम, कवाज, प्राथमिक उपचार, शैक्षिक भ्रमण, वक्तित्वकला प्रतियोगिता, योगासन, हस्तलेखन, भित्ते पत्रिका, विदालयमा गाईने गीतहरू र सामाजिक कार्यजस्ता कार्यक्रमहरू कुनै पनि विद्यालयहरूले सञ्चालन गरेको पाइएन । विद्यालयमा हाल भईराखेका अतिरिक्त कार्यक्रमहरू प्रति प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरू पूर्ण रूपमा सन्तुष्ट नरहेका पाइए । यसर्थ शिक्षा नियमावली र अतिरिक्त तथा सह-क्रियाकलाप निर्देशिका, (२०६१) मा उल्लखे भए अनुसारका सबै कार्यक्रमहरूले पूर्णता नपाएको देखियो ।

विद्यालयमा हुने अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूलाई सूचारु रूपले सञ्चालन, व्यवस्थापन र स्तरीय बनाउन विद्यालयले आ-आफ्नो स्रोत साधन र कार्यक्रम सञ्चालन गर्ने सीप र दक्षता भएको शिक्षक वा जनशक्तिका आधारमा के के कार्यक्रम कहिले र कसरी सम्पन्न गर्ने भनि वार्षिक कार्ययोजना तयार गरी तदनुरूप कार्यान्वयन गर्नु र गराउनुपर्ने देखियो ।

### ४.१.२ अतिरिक्त क्रियाकलापका लागि आवश्यक पर्ने स्रोत र सामग्रीहरू

अतिरिक्त कार्यक्रमहरूलाई सूचारु रूपले सञ्चालन र व्यवस्थापन गर्नका लागि कार्यक्रमसँग सम्बन्धित विभिन्न पक्षहरूको अन्तरक्रियात्मक सम्बन्धले महत्त्वपूर्ण भूमिका खेल्दछ । कार्यक्रमका लागि आवश्यक पर्ने पक्षहरूमा स्रोत र सामग्रीहरू प्रमुख रूपमा आउँछन् । अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूका लागि आवश्यक पर्ने तथा विद्यालयमा उपलब्ध स्रोत र सामग्रीहरू बारे प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरूबाट प्राप्त भएका सुचना एवम् धारणाहरूलाई तालिका बनाई विश्लेषण र व्याख्या गरिएको छ, तालिकाले अतिरिक्त क्रियाकलापमा संलग्न हुने स्रोत र सामग्रीलाई देखाउँछ । यी प्रतिक्रियाहरूलाई आवृत्तिको आधारमा क्रमशः प्राथमिकताको सूचीमा राखी तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२**

**अतिरिक्त क्रियाकलापमा आवश्यक पर्ने स्रोत र सामग्रीहरू**

| प्रधानाध्यापकहरूबाट प्राप्त प्रतिक्रिया | शिक्षकहरूबाट प्राप्त प्रतिक्रिया | विद्यार्थीहरूबाट प्राप्त प्रतिक्रिया |
|---|---|---|
| भौतिक सामग्री, | आर्थिक स्रोत | खेल मैदान |
| स्थानिय सामग्रीहरू, आर्थिक स्रोत, | खेलमैदान र खेल सामग्री, एक नासको पोशाक | भलिबल, फुटबल, क्रिकेट, बेडमेन्टन, जाली, रसी, रिङ, क्यारमवोर्ड, स्टाम्प, बास्केट बल |
| खेलमैदान र खेल खेल्नका लागि आवश्यक पर्ने खेल सामग्रीहरू | सांस्कृतिक कार्यक्रमका लागि हार्मोनियम, मादल डम्फु, चिम्टा, खजुरी | नाटक र सांस्कृतिक कार्यक्रमका लागि पोशाक, मादल, हार्मोनियम, चिम्टा, खजुरी |
| पोशाक, बोटविरुवा र बिउ बिजन | विद्यार्थीको हौसला बढाउने खालका अनुकरणीय व्यक्तित्वका तस्वीहरू, | बास्केट बल |
| प्राथमिक उपचारका लागि आवश्यक पर्ने सामग्री | चित्रकला र हस्तकलाका लागि आवश्यक पर्ने, कागज, कपडा, रङ्ग वा पेन्ट | डोरी, सेतो चुनढङ्गा वा बालुवा |

माथिको तालिका नं. ४.२ लाई विश्लेषण गर्दा विद्यालयमा सञ्चालन हुने अतिरिक्त कार्यक्रमहरूका लागि कार्यक्रमहरूको अवस्था र प्रकृति हेरी छुट्टाछुट्टै स्रोत र सामग्रीहरूको

आवश्यकता पर्ने देखियो । कार्यक्रमहरूलाई पूर्णता दिनका लागि स्थानिय स्रोत साधन, भौतिक सामग्री, खेलमैदान र खेल सामग्रीहरू, आर्थिक स्रोत, पोशाक, भित्तेपाटी वा खबरपाटीको आवश्यकता, वृक्षारोपण र फूलबारी कार्यक्रमका लागि आवश्यक वोटविरुवा र विउ विजन तथा अतिरिक्त कार्यक्रम सञ्चालनमा खेलकूदका कार्यक्रमहरू गर्दा आइपर्ने चोटपटकका लागि आवश्यक पर्ने प्राथमिक उपचारका स्रोत र साधनहरूको उपलब्धता हुनुपर्ने देखियो । जसमध्ये विद्यालयहरूमा आर्थिक स्रोतको अभाव, खबरपाटीको व्यवस्था नभएको, बोटविरुवा वा विउविजनको व्यवस्था नभएको, प्राथमिक उपचारका सामग्रीहरूको अभाव हुनुका साथै खेलकूद लगायत अन्य क्रियाकलापका लागि आवश्यक पर्ने स्रोत र सामग्रीहरू पूर्ण रूपमा उपलब्ध नभएको देखियो । तथापी सबै विद्यालयका प्रधानाध्यापकहरूले खेल मैदान र खेलकूदका सामग्रीहरूलाई प्राथमिकता दिएको पाइयो ।

शिक्षकहरूबाट प्राप्त प्रतिक्रियाअनुसार सांस्कृतिक कार्यक्रम र नाटक सोमा हार्मोनियम, मादल, डम्फू, खजुरी, चिम्टा, एकनासको पोशाक जस्ता सामग्रीहरू पर्ने देखियो । त्यस्तै गरी पुरुस्कार खरीद र प्रमाणपत्र छपाईका लागि आर्थिक स्रोत चाहिने देखियो । खेलमैदान र खेल सामग्रीहरू प्रमुख साधन र स्रोतको रूपमा रहेका पाइए । विद्यार्थीको हौसला बढाउने खालका अनुकरणीय व्यक्तित्त्वका तस्वीरहरू पनि कार्यक्रमहरूको स्रोत सामग्रीको रुपमा रहेका पाइए । चित्रकला र हस्तकला प्रतियोगिताका लागि विभिन्न किसिमको रङ, कपडा, कागज, कैँचीको आवश्यकता पर्ने कुरामा शिक्षकहरूले आफ्नो धारणा व्यक्त गरे । विद्यालयमा उपलब्ध स्रोत र साधनहरूप्रति शिक्षकहरूको सन्तुष्टि नरहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने विद्यालयमा अतिरिक्त क्रियाकलापका स्रोत र सामग्रीहरूको अभाव रहेको देखियो ।

विद्यार्थीहरूबाट प्राप्त प्रतिक्रिया अनुसार विशेषगरी खेलमैदान र खेलकूदका लागि आवश्यक पर्ने स्रोत सामग्रीहरूलाई अतिरिक्त कार्यक्रमका सामग्रीहरूको रूपमा लिइयो । खेलकूदका सामग्रीहरूमा भलिबल, फुटबल, क्रिकेट, वेट, स्टाम्प, डोरी, जाली, रिङ, क्यारमबोर्ड आदि रहेका देखिए । नाटक र सांस्कृतिक कार्यक्रमका लागि एकै किसिमको पोशाक, हार्मोनियम, डम्फू, मादल, चिम्टा खजुरी इत्यादी जस्ता सामग्रीहरू चाहिने कुरा विद्यार्थीहरूको प्रतिक्रियामा पाइयो । विद्यालयमा अतिरिक्त कार्यकलापका लागि उपलब्ध स्रोत र साधनहरूप्रति विद्यार्थीहरू सन्तुष्ट नरहेका पाईए ।

समग्रमा यी सबै कुराहरूलाई मनन गर्दाखेरी विद्यालयमा हुने अतिरिक्त कार्यक्रमहरूका लागि कार्यक्रमको प्रकृति र स्वरूप हेरी भिन्न-भिन्न खालका स्रोत र सामग्रीहरूको आवश्यकता पर्ने देखियो । अध्ययन क्षेत्रका विद्यालयहरूको स्थलगत अवलोकन एवम् अन्तर्वार्ता, प्रश्नावली र लक्षित समूह छलफलका माध्यमबाट स्रोत र सामग्रीहरूबारे धारणा बुझ्दा सबै सूचनादाताहरूले खेलमैदान र खेल सामग्रीहरूलाई बढी प्राथमिकता दिएको पाइयो । यसका साथै सांस्कृतिक कार्यक्रमका लागि आवश्यक पर्ने सामग्री लगायत अन्य कार्यक्रमका

सामग्रीहरूको पनि अभाव रहेको पाइयो । कार्यक्रमलाई सूचारु रूपले सञ्चालन र व्यवस्थापन गर्नका लागि विद्यालयमा उपलब्ध स्रोत र सामग्रीहरू प्रति विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरू पूर्णरूपमा सन्तुष्ट नरहेका पाइए ।

### ४.१.३ अतिरिक्त क्रियाकलापले व्यक्तित्त्व विकासमा पुऱ्याउने सहयोग सम्बन्धमा प्राप्त धारणा

विद्यार्थीहरूलाई कक्षाकोठाको किताबी ज्ञान दिएर मात्र उनीहरूको सर्वाङ्गीण विकास हुन सक्दैन । विद्यार्थीहरूलाई जति धेरै अतिरिक्त क्रियाकलाप सम्बन्धिका कार्यक्रमहरूमा सहभागी गराउन सक्यो त्यतिकै उनिहरूले व्यक्तित्त्व विकास गर्ने मौका पाउँदछन् । यसका लागि विद्यालयहरूमा अतिरक्त कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ । जसले विद्यार्थीहरूमा रहेको अन्तरनिहीत क्षमतालाई प्रस्फुटन गरी व्यक्तित्व विकासमा सहयोग पुग्दछ । अतिरिक्त क्रियाकलापले व्यक्तित्त्व विकासमा पुऱ्याउने सहयोग सम्बन्धीमा शिक्षक र विद्यार्थीहरूले दिएका प्रतिक्रियालाई प्राथमिकताका आधारमा निम्नानुसारका शीर्षकहरू राखी विश्लेषण र व्याख्या गरिएको छ ।

- **नियमित रूपमा अध्ययन गर्ने बानीको विकास**

विद्यालयमा हुने अतिरिक्त कार्यक्रमहरूले कक्षामा आफ्नो स्थान अगाडि ल्याउन लगनशील र अनुशासित भई पढ्ने बानीको विकास हुने गरेको देखियो । हिज्जे, हाजिरी जवाफ र निबन्ध प्रतियोगिताले पढाइमा निरन्तरता दिने कुरामा सहयोग पुऱ्याउने कुरा शिक्षक र विद्यार्थीहरूले प्रतिक्रिया दिए । यी कार्यक्रमहरूले आफूहरूमा स्मरण शक्ति बढ्ने, बौद्धिक क्षमता वृद्धि गर्ने र मौकामा सही कुरा बोल्न सिकाउनमा सहयोग पुऱ्याउने कुरा विद्यार्थीहरूले व्यक्त गरेका थिए ।

- **बोल्नसक्ने र नेतृत्त्व लिन सक्ने क्षमताको विकास**

अतिरिक्त कार्यक्रमहरूले विद्यार्थीहरूमा शिक्षा आर्जन गर्नका साथसाथै समूहमा नेतृत्व लिने क्षमताको विकास गर्नमा सहयोग पुऱ्याएको शिक्षक र विद्यार्थीहरूको प्रतिक्रियामा पाइयो । कार्यक्रममा भाग लिदा आत्मविश्वास र आत्मधारणा बढी पठन-पाठनमा आइपरेका समस्याहरूलाई सजिलैसँग विद्यार्थीहरूले शिक्षकलाई सोध्ने गरेको शिक्षकहरूको प्रतिक्रियामा देखियो ।

- **सिर्जनात्मक शैलिको विकास**

विद्यार्थीहरूमा रहेको अन्तरनिहीत ज्ञान सीप र क्षमतालाई प्रस्फुटन गर्न अतिरिक्त कार्यक्रमहरूले सहयोग पुऱ्याएको शिक्षकहरूले प्रतिक्रियामा व्यक्त गरेका थिए । कविता प्रतियोगिता, हस्तकला र चित्रकला प्रतियोगिताले विद्यार्थी र शिक्षकहरूमा नयाँ नयाँ कुराहरू सिक्ने र रचना गर्नमा सहयोग पुग्ने विद्यार्थी र शिक्षकहरूको प्रतिक्रियाबाट स्पष्ट हुन्छ ।

) **अनुशासित रहने बानीको विकास**

अतिरिक्त कार्यक्रमहरूले विद्यार्थीहरूमा अनुशासित, आत्मसंयमी र लगनशिल बन्नमा सहयोग पुऱ्याउने कुरा शिक्षक र विद्यार्थीहरूको प्रतिक्रियामा देखियो । यसका साथै खेलकूदका कार्यक्रममा सहभागी हुँदा पूर्ण स्वस्थता प्राप्त गर्नका साथसाथै शारीरिक तन्दुरुस्ती प्राप्त गर्दा आफूहरूमा आत्म विश्वास र आत्म धारणा बढ्न गई संवेगात्मक विकासमा सहयोग पुऱ्याएको सूचनादाताहरूको प्रतिक्रियामा पाइयो ।

) **सीप विकासमा सहयोग**

अतिरिक्त क्रियाकलापमा सहभागी हुँदा विभिन्न क्रियाकलापमा सीपहरू प्रदर्शन गरी प्रतिस्पर्धा गरिने भएकोले आफूहरूमा सीप सिक्ने बानीको विकास हुने कुरा विद्यार्थीहरूले व्यक्त गरेका थिए । कार्यक्रममा भाग लिएका विद्यार्थीहरूबाट प्रतिभाशाली खेलाडी चयन गर्न र कलाकारहरूको छनोट गर्न अतिरिक्त कार्यक्रमहरूले सहयोग पुऱ्याएको शिक्षकहरूको प्रतिक्रियामा देखियो ।

समग्रमा विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकास गराउन विद्यालयमा विभिन्न अतिरिक्त कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता देखियो । विद्यार्थीहरूको आवश्यकता र चाहना अनुसार कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक ठहरिन्छ । विद्यार्थीहरूलाई कला, सौन्दर्य र सिर्जनात्मक कार्यमा अभ्यस्त गराई उनिहरूमा रहेको प्रतिभा उजागर गराउने कार्यमा अतिरिक्त कार्यक्रमहरूले सहयोग पुऱ्याएको शिक्षकहरूको प्रतिक्रियामा देखियो । अतिरिक्त कार्यक्रमहरूले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याएको कुरा शिक्षक र विद्यार्थीहरूको धारणाबाट स्पष्ट हुन्छ ।

## ४.२ सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था

विद्यार्थीहरू भित्र रहेको जोस जाँगर र उत्साह जगाई कला, सौन्दर्य एवम् सिर्जनात्मक सोचाईको विकास गराउनमा अतिरिक्त कार्यक्रमहरूले महत्त्वपूर्ण भूमिका खेल्दछ । यी कार्यक्रमहरू सञ्चालन गर्न प्राविधिक सीप, भौतिक सामग्री, खेलमैदान, आर्थिक स्रोतको व्यवस्थाका साथसाथै विद्यालयका प्रधानाध्यापकहरूको सोच, शिक्षकहरूको पूर्ण सक्रियता तथा विद्यार्थीहरूको उत्साह र सक्रिय सहभागिता हुन आवश्यक देखिन्छ । तर पनि विद्यालयहरूमा स्रोत सामग्रीको अभाव, विद्यालय परिवारको न्यून चासो आदि समस्याले गर्दा धेरैजसो विद्यालयहरूले अतिरिक्त कार्यक्रमहरू नियमित ढङ्गले सञ्चालन नगरेको पाइयो । विद्यार्थीहरूको सिर्जनात्मक सीप, मौलिकता र कलाको मूल्याङ्कन गर्ने कसौटीको रूपमा अतिरिक्त क्रियाकलापलाई लिन सकिन्छ भनि अतिरिक्त तथा सहकार्यकलाप निर्देशिका (२०६१) मा उल्लेख गरिएको छ । सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था पहिचान गर्न प्रतिक्रिया दाताहरूबाट प्राप्त भएका सूचना एवम् धारणाहरूलाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.२.१ अतिरक्त क्रियाकलाप सञ्चालन प्रक्रिया

विद्यार्थीहरूको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका लागि विद्यालयले नियमित पठन-पाठनका साथसाथै अतिरिक्त समयमा सञ्चालन गरिने विभिन्न क्रियाकलापहरूलाई अतिरिक्त क्रियाकलाप भनिन्छ । शिक्षा नियमावली, (२०५९) ले अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूलाई खास गरेर व्यक्तिगत, अन्तरसदन र अन्तर विद्यालयका रूपमा सञ्चालन गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।

अध्ययन क्षेत्रको नमुना छनोटमा परेका पाँचवटा विद्यालयहरूले अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूलाई आ-आफ्नै आवश्यकता, स्रोत र सामग्रीहरूले भ्याउने गरी फरक फरक तरिकाले कार्यक्रम सञ्चालन गरेको पाईयो । नमुना छनोटमा परेका पाँचवटा विद्यालय मध्ये दुइवटा विद्यालयले शैक्षिक शत्रको सुरुवातमा नै वर्षभरि गरिने अतिरिक्त कार्यक्रमहरूको रूपरेखा तयार गरेको पाइयो भने बाँकी तीन वटा विद्यालयहरूले कार्यक्रमहरू सञ्चालन गर्ने गरे तापनि कार्यक्रमहरूको बारेमा पूर्व योजना निर्माण गरेको पाइएन । अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू अन्तर सदनका आधारमा सञ्चालन गरिन्छन । नमुना छनोटमा परेका पाँच वटै विद्यालहरूले प्रतिभाको दृष्टिकोणबाट सन्तुलित र व्यवस्थित रूपमा सबै विद्यार्थीहरूको समान प्रतिनिधित्व हुने गरी सदन विभाजन गरेको पाइयो । सदनका नामहरू देश, राष्ट्रियता, संस्कृति झल्काउने र शहिदहरूको नामबाट नामाङ्कन गरेको पाइयो ।

अतिरिक्त क्रियाकलाप शिक्षक स्रोत पुस्तिका (२०६०) मा सदनहरूको गठन गर्दा विद्यार्थीहरूको संख्या हेरी दुईदेखि ६ वटासम्म सदनहरू गठन गर्नुपर्ने व्यवस्था गरिएको छ । तर सदन गठन गरिएका प्रत्येक विद्यालयमा चार चार ओटा सदनहरू गठन गरिएका पाइए । सदनहरूको गठन भईसकेपछि चारवटा विद्यालयले सदनसंयोजकको रूपमा अलग अलग शिक्षकहरूलाई जिम्मेवारी दिएको पाइयो भने एउटा विद्यालयले सदन संयोजकको रूपमा विद्यार्थीलाई नै राखेको पाइयो । विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूको राय, सुझाव र सल्लाहअनुसार विद्यालयले प्रायः जसो अतिरिक्त कार्यक्रमहरू बढी गर्ने गरेको पाइयो । थोरै कम मात्रामा मात्र शिक्षा नियमावली र अतिरिक्त क्रियाकलाप निर्देशिकामा उल्लेख भए बमोजिम कार्यक्रमहरू सञ्चालन गरेको देखियो । अतिरिक्त कार्यक्रमहरू सञ्चालनका लागि चारवटा विद्यालयहरूले अन्तर समितिको गठन गरेको देखियो भने एउटा विद्यालयले अन्तर समितिको गठन गरेको देखिएन । कार्यक्रमहरू सञ्चालन गर्नका लागि आवश्यक सूचनाहरू सम्बन्धित निकायबाट एउटा विद्यालयले मात्र पाउने गरेको पाइयो भने बाँकी चारवटा विद्यालयहरूले सूचना पाउने नगरेको प्रधानाध्यापकहरूको प्रतिक्रियाबाट प्राप्त भयो । विद्यालयमा गठन गरिएका सदन समितिहरूको अध्यक्षता चारवटा विद्यालयमा प्रधानाध्यापकले गरेको पाईयो भने एउटा विद्यालयमा विद्यार्थी प्रतिनिधिले गरेको पाइयो । वर्षभरि गरिने कार्यक्रमहरूले योजना तर्जुमा गर्न बैठकमा तीन विद्यालयका प्रधानाध्यापकले शिक्षक, विद्यार्थी प्रतिनिधि र सञ्चालक

समितिलाई सहभागी गराएको पाइयो भने दुईवटा विद्यालयले शिक्षक र विद्यार्थीहरूलाई मात्र सहभागी गराउने देखिन आयो ।

अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू चारवटा विद्यालयले महिनामा दुई चोटी सञ्चालन गर्ने गरेको पाइयो भने एउटा विद्यालयले महिनाको प्रत्येक शुक्रवार कार्यक्रमहरू सञ्चालन गर्ने गरेको प्रतिक्रियादाताहरूको सूचनाबाट प्राप्त हुन आयो । कार्यक्रम सञ्चालनका लागि प्रत्येक विद्यालयले शुक्रवारको चौथो घण्टी पछी मात्र सञ्चालन गर्ने देखियो । कार्यक्रमहरूलाई सूचारु रूपले सञ्चालन गर्नका लागि विद्यालयका प्रधानाध्यापक शिक्षक र विद्यार्थीहरूबीच सक्रिय सहयोग, सहमति, सन्तुलन र अन्तरनिर्भरता हुनुपर्ने प्रधानाध्यापकहरूको प्रतिक्रियाबाट स्पष्ट हुन्छ । अतिरिक्त क्रियाकलाप सञ्चालन समितिमा प्रधानाध्यापक, शिक्षक र विद्यार्थीको सहभागीता हुने गरेको देखियो । दुईवटा विद्यालयले विद्यालयको वार्षिकोत्सवमा पुरुस्कार वितरण गरेको देखिन्छ भने अन्य विद्यालयहरूले प्रत्येक महिनाको अन्तिम शुक्रवारका दिन वितरण गर्ने गरेको प्रतिक्रियामा देखियो । अतिरिक्त क्रियाकलाप सञ्चालनमा दुईवटा विद्यालयका प्रधानाध्यापकले शिक्षक र विद्यार्थीहरूबाट पूर्ण सहयोग पाएको जानकारी आयो भने दुइवटा विद्यालयका प्रधानाध्यापकले शिक्षक र विद्यार्थीबाट सामान्य सहयोग पाएको कुरा प्रतिक्रियाबाट प्राप्त भयो । एउटा विद्यालयका प्र.अ.ले शिक्षक र विद्यार्थीबाट कार्यक्रम सञ्चालन र व्यवस्थापनमा न्यून सहयोग पाएको देखिन आयो ।

समग्रमा हेर्दा प्रत्येक विद्यालयहरूले विद्यालयमा उपलब्ध स्रोत, सामग्रीको अभाव, कार्यक्रम प्रति न्यून चासो, एक आपसमा सहयोगको अभाव आदि समस्याले गर्दा कार्यक्रमहरूलाई निरन्तर र नियमित रूपमा सञ्चालन गरेको देखिएन । कार्यक्रमहरूलाई सूचारु रूपले सञ्चालन गर्नका लागि निश्चित नियम र पद्दतिको खाँचो पर्दछ । आचार्य, (२०६५) ले कुनै पनि कार्यक्रमलाई सञ्चालन गर्नका लागि त्यस कार्यसँग सम्बन्धित विभिन्न भागहरूको अन्तरक्रियात्मक सम्बन्धले प्रमुख भूमिका खेल्दछ । जसमा निश्चित नियम र प्रक्रियाहरूको आवश्यकता पर्दछ । यसले अन्तरनिर्भरता तथा सन्तुलनको मान्यतालाई जोड दिन्छ । कार्यक्रमहरूलाई एउटा प्रणालीको रूपमा व्याख्या गरिन्छ । कार्यक्रमलाई एउटा पद्दति मानि त्यसभित्रका व्यवहार, क्रियाकलाप, सम्बन्ध, निर्भरता तथा अस्तित्वका बारेमा विश्लेषण गर्दछ, सिङ्गो कार्यक्रमको परिस्थितिलाई system मानि त्यसमा संलग्न विभिन्न उपभागहरूबारे बुझ्न आवश्यक हुन्छ भनि बताएका छन् ।

यसर्थ कार्यक्रमहरूलाई सूचारु रूपले सञ्चालन व्यवस्थापन र मर्यादीत बनाउनका लागि विद्यालयका प्रधानाध्यापक शिक्षक र विद्यार्थीहरूमा एक आपसमा सुमधुर सम्बन्ध हुन आवश्यक देखियो । कार्यक्रममा संलग्न सबै पक्षहरूले आ-आफ्नो कर्तव्यप्रति उत्तरदायी हुनु पर्ने देखियो । यसका साथसाथै विद्यालयका प्रधानाध्यापक शिक्षक र विद्यार्थीहरू बीच एक आपसमा अन्तर निर्भरता, सहमति र सहयोग पनि हुनुपर्ने देखियो ।

### ४.२.२ अतिरिक्त क्रियाकलाप सञ्चालनका मापदण्ड र आधारहरू

विद्यालयमा सञ्चालन गरिने अतिरिक्त कार्यक्रमहरूमा सबै तहका विद्यार्थीहरूलाई सहभागी गराउने प्रयत्न गर्नुपर्दछ । विभिन्न तह र उमेर समुहका विद्याथीहरूको मानसिक, शारीरिक एवम् संवेगात्मक क्षमता फरक फरक हुने भएको हुँदा प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तहका लागि कार्यकलापको प्रकृति अनुसार आवश्यक परेमा अलग अलग सदन र समूह गठन गरी प्रतियोगिता सञ्चालन गर्नुपर्दछ भनि अतिरिक्त तथा सहक्रियाकलाप निर्देशका (२०६१) मा उल्लेख गरिएको छ । अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूमा फुर्ती जागरुकता, सहयोगी भावना र उत्साह पैदा गरी मन मस्तिष्क र शरीरलाई स्वच्छता प्रदान गर्ने भएकाले यसका लागि निश्चित मापदण्ड र आधारहरू तय गरिनु पर्दछ । छनोटमा परेका सामुदायिक विद्यलायहरूले अतिरिक्त कार्यक्रम सञ्चालनका लागि बनाइएका मापदण्ड र आधारहरूलाई उनीहरूबाट प्राप्त प्रतिक्रियालाई प्राथमिकताका आधारमा निम्नानुसारका उपशीर्षकहरू राखी विश्लेषण र व्याख्या गरिएको छ ।

) **सबै विद्यार्थीहरूको समान सहभागिता**

अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा सबै विद्यार्थीहरूलाई उनीहरूको सीप रुची र क्षमता अनुसार कुनै न कुनै रूपमा सहभागी गराइने कुरा प्रधानाध्यापकहरूको प्रतिक्रियामा देखियो । जसले अतिरिक्त कार्यक्रमहरूमा सबै विद्यार्थीहरूको समान सहभागीता रहेको कुरा स्पष्ट थाहा हुन्छ ।

) **विद्यार्थी केन्द्रीत क्रियाकलाप**

अतिरिक्त क्रियाकलापले विद्यार्थीको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने भएकाले विद्यालयमा गरिने कार्यक्रमहरू जहिले पनि विद्यार्थी केन्द्रीत हुनुपर्ने देखियो । कार्यक्रमहरूलाई स्तरीय बनाउन शिक्षकहरूको सक्रिय सहयोगको आवश्यकता देखियो । अतिरिक्त कार्यक्रमहरू जहिले पनि विद्यार्थीको रुची चाहना, आवश्यकता र उमेर अनुसार केन्द्रविन्दु बनाई सञ्चालन गर्नुपर्ने देखियो ।

) **लैङ्गीक समानता**

अतिरिक्त क्रियाकलापमा छात्रछात्राहरूलाई समानरूपमा सहभागी गराउनुपर्ने देखियो । छात्रछात्राहरूलाई उनिहरूको रुचि अनुसार कार्यक्रमहरूमा सहभागी गराउन पर्ने कुरा प्रधानाध्यापकको प्रतिक्रियामा देखियो । जसले गर्दा विद्यार्थी छात्राहरूले नयाँ क्षेत्रसँग सम्बन्धित सीपहरू सिक्नुका साथै नयाँ क्षेत्रमा रुचि जाग्ने देखियो । कार्यक्रमहरू सञ्चालन गर्दा छात्रहरूका लागि यो कार्यक्रम र छात्राहरूका लागि यो कार्यक्रम भनि छुट्टयाउनु नपर्ने देखियो ।

- **विद्यालयको आवश्यकता**

अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा विद्यालयको आवश्यकतालाई पनि ध्यान दिनुपर्ने देखियो । विद्यालयले अतिरीक्त क्रियाकलापका सबै कार्यक्रमहरू सञ्चालन गर्नु परेतापनि जुन जुन कार्यक्रममा विद्यालयले दक्षता हाँसिल गर्न सक्ने सम्भावना देखिन्छ त्यस्ता कार्यक्रमहरूलाई प्राथमिकता साथ सञ्चालन गर्नुपर्ने प्रधानाध्यापकको प्रतिक्रियाबाट थाहा हुन्छ ।

- **विद्यालयको आर्थिक अवस्था र प्राप्त सुविधाहरू**

कुनै पनि कार्यक्रमको सफलता वा असफलता आर्थिक अवस्थामा निर्भर रहने भएकाले अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा प्रतियोगिता अयोजना खर्च, पुरुस्कार खरीद र प्रमाणपत्र छपाई खर्च, आवश्यक सामग्री खरीद गर्नु विद्यालयले आफ्नो आर्थिक अवस्था अनुसार कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखियो । यसका साथै अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा विद्यालयमा उपलब्ध सुविधालाई पनि ध्यान दिनु पर्ने देखियो । खेल मैदान, खेल सामग्री, सङ्गीत सामग्री, चित्रकला र हस्तकलामा प्रयोग हुने सामग्री, पोशाक आदिको अवस्थालाई पनि कार्यक्रम सञ्चालनका आधारहरूको रूपमा लिएको पाइयो ।

- **प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरूको सक्रिय सहभागीता**

कार्यक्रमहरूलाई सूचारु रूपले सञ्चालन गर्नका लागि कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण पक्षहरूको सक्रिय सहभागिता हुनुपर्ने देखियो । कार्यक्रमका लागि विद्यालयका प्र.अ., शिक्षक र विद्यार्थीहरूबीच आपसी सहयोग, सहमति र सन्तुलन हुन पनि कार्यक्रम सञ्चालनको आधारको रूपमा रहेको देखियो । तबमात्र अतिरिक्त कार्यक्रमहरू रोचकपूर्ण र प्रभावकारी हुने प्रधानाध्यापकहरूको प्रतिक्रियाबाट स्पष्ट हुन्छ ।

समग्रमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू सञ्चालन गर्दा विद्यालयमा प्राप्त स्रोत र सामग्रीहरू के कति मात्रामा छन् । त्यसका आधारमा विद्यालयले अतिरिक्त कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखियो । यसका साथै विद्यार्थीहरूको रुची, चाहना, आवश्यकता र सीपअनुसार कार्यक्रमहरू निर्धारण हुनुपर्ने देखियो । कार्यक्रमहरूलाई व्यवस्थित बनाउनका लागि विद्यालयका शिक्षकहरूको महत्त्वपूर्ण भूमिका रहने देखियो । कुन शिक्षकले कुन क्षेत्रमा सहयोग गर्नसक्छ भन्ने कुराको पहिचान गरी सोही अनुसार जिम्मेवारी बाँडफाँड हुनुपर्ने प्रधानाध्यापकको प्रतिक्रियामा पाइयो । तबमात्र अतिरिक्त कार्यक्रमहरूलाई सूचारु रूपले सञ्चालन गरी स्तरीय बनाउन सकिने कुरा सूचनादाताको प्रतिक्रियाबाट स्पष्ट हुन्छ ।

### ४.२.३ अतिरिक्त क्रियाकलाप सञ्चालनमा बाधा पुऱ्याउने तत्वहरू

अतिरिक्त कार्यक्रमहरूलाई सूचारु रूपले सञ्चालन गर्नका लागि नीतिगत र कार्यगत रूपमा कार्यक्रमहरूको खाका तयार गर्नुपर्ने देखियो । यसका साथै कार्यक्रमहरूको प्रगतिविवरण, समीक्षा र मूल्याङ्कन हुनुपर्ने प्रतिक्रियामा पाइयो ।

राष्ट्रिय शिक्षा पद्दतिको योजना (२०२८) देखि यता अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूलाई सामान्य शिक्षाकै एक अभिन्न अङ्गको रूपमा लिइएको थियो । शिक्षा नियमावलीमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू गर्ने गराउने भनिए तापनि धेरै जसो विद्यालयहरूले अतिरिक्त कार्यक्रमलाई निरन्तर रूपमा सञ्चालन गर्न नसकेको देखियो । अध्ययन क्षेत्रको नमुना छनोटमा परेका सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलाप सञ्चालनमा बाधा पुऱ्याउने तत्त्वहरूलाई उनिहरूकै प्रतिक्रियाका आधारमा प्राथमिकतामा राखि निम्नानुसारको तालिका बनाई विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं. ४.३**

**अतिरिक्त क्रियाकलाप सञ्चालनमा बाधा पुऱ्याउने तत्वहरू**

| प्रधानाध्यापकहरूबाट प्राप्त प्रतिक्रिया | शिक्षकहरूबाट प्राप्त प्रतिक्रिया | विद्यार्थीहरूबाट प्राप्त प्रतिक्रिया |
|---|---|---|
| विद्यालयको आर्थिक स्रोत, कार्यक्रमका लागि आवश्यक पर्ने स्रोत र साधनहरू, | लैङ्गीक र जातीगत भेदभाव, | समयमा कार्यक्रम सञ्चालन नगर्नु, |
| विद्यार्थीहरूको न्यून उपस्थिति र सहभागिता, | सामग्रीहरूको अप्रयाप्तता, अतिरिक्त कार्यकलापको महत्व नबुभ्नु | खेल मैदान र खेलसामग्री, शिक्षकबाट पाउने प्रेरणा र प्रोत्साहन |
| खेलमैदान र खेल सामग्री, अनुशासन, | विद्यालयको आर्थिक स्रोत, खेलमैदान र खेल सामग्री, | जातीगत र लिङ्गगत हिसाबले हुने भेदभाव |
| अतिरिक्त क्रियाकलापसम्बन्धीको चेतना | प्र.अ., शिक्षक र विद्यार्थीबीचको आपसी सम्बन्ध | प्र.अ. र शिक्षकको न्यून चासो |
| सम्बन्धित निकायहरूको अनुगमन | विद्यार्थीहरूको लाज मान्ने प्रवृत्ति | तालिम प्राप्त शिक्षकको अभाव, अभिभावकहरूको धारणा |

माथिको तालिका नं. ४.३ मा अतिरिक्त क्रियाकलाप सञ्चालनमा बाधा पुऱ्याउने तत्त्वहरूसम्बन्धी प्रधानाध्यापक शिक्षक र विद्यार्थीहरूबाट प्राप्त भएका प्रतिक्रियाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

प्रधानाध्यापहरूबाट प्राप्त प्रतिक्रिया अनुसार अतिरिक्त कार्यक्रमहरूलाई व्यवस्थित, मर्यादीत र प्रभावकारी बनाउन आर्थिक पक्षको महत्त्वपूर्ण भूमिका रहने गरेको देखियो । विद्यालयको आन्तरिक स्रोतबाट नै अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूसम्बन्धीको बजेट

व्यवस्थापन गर्नुपर्ने भएकाले कार्यक्रमका लागि आवश्यक पर्ने स्रोत र साधनहरू पुरुस्कार खरीद वा प्रमाणपत्र छपाई, खेल सामग्री वा अन्य क्रियाकलापका सामग्रीहरू जुटाउन कठिनाइ परेको देखियो । जसले गर्दा अतिरिक्त कार्यक्रमहरू सञ्चालनमा बाधा हुने गरेको पाइयो । अतिरिक्त कार्यक्रमहरूले विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याएको हुन्छ तर पनि अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू सञ्चालन हुने दिन विद्यार्थीहरूको न्यून उपस्थिती हुनु र उपस्थिति भएका मध्ये पनि विद्यार्थीहरूले सहभागीता नदेखाइदिनु अतिरिक्त कार्यक्रम सञ्चालनको अर्को बाधक तत्त्व रहेको प्रधानाध्यापकहरूले प्रतिक्रिया दिए । यसैगरी खेलकुद सञ्चालनका लागि अवाश्यक पर्ने खेल मैदान पनि सानो हुनु समस्याको रूपमा रहेको पाइयो । कतिपय विद्यार्थीहरूले अतिरिक्त क्रियाकलापको महत्त्वलाई नबुझी कार्यक्रम सञ्चालन हुदा भाग्ने प्रवृत्ती वा विद्यालय नै नआउने ठूलो समस्या देखिएको कुरा प्रधानाध्यापहरूको प्रतिक्रियबाट प्राप्त हुन आयो । यसका साथसाथै कार्यक्रमहरू विद्यालयहरूले संचालन गरिराखेका छन अथवा छैनन् विद्यालयका के कस्ता समस्याहरू रहेका छन् भनि सम्बन्धित माथिल्ला निकायहरूबाट अनुगमन नहुनु पनि अतिरिक्त कार्यक्रम सञ्चालनमा बाधक रहेको प्रधानाध्यापकहरूको प्रतिक्रियाबाट स्पष्ट हुन्छ ।

शिक्षकहरूबाट प्राप्त प्रतिक्रिया अनुसार अतिरिक्त कार्यक्रमहरू सञ्चालनमा लैङ्गीक र जातीगत भेदभाव प्रमुख बाधक तत्त्वको रूपमा रहेको देखियो । लैङ्गकि हिसाबले छात्रको सहभागिताभन्दा छात्राको सहभागीता कम हुनु अभिनय गर्नुपर्ने कार्यक्रमहरूमा छात्राले भाग नलिनु र सहपाठीहरूद्वारा नै अपहेलीत हुनु समस्याको रूपमा रहेको देखियो । यसका साथै जातीगत हिसावमा गैरदलीत जातीका विद्यार्थीहरूले दलित विद्यार्थीहरूलाई छुवाछुतका आधारमा हेप्ने प्रविति भएकाले दलित बिद्यार्थीहरूलाई कार्यक्रममा सहभागी गराउन समस्या पर्ने देखियो । विभिन्न किसिमका खेलहरू खेलाउनका लागि आवश्यक पर्ने विविध खेल सामग्री र अन्य क्रियाकलापका लागि आवश्यक पर्ने सामग्रीहरू विद्यालयमा पूर्ण रूपमा उपलब्ध नहुनु अर्को वाधक तत्त्वको रूपमा रहेको शिक्षकहरूको प्रतिक्रिया र धारणाबाट स्पष्ट हन्छ । विद्यार्थीहरूमा अतिरिक्त क्रियाकलापसम्बन्धी ज्ञानको कमी हुँदा कार्यक्रमहरूमा भाग नलिने समस्या देखियो । कार्यक्रममा भाग लिएर स्थान ओगट्ने व्यक्ति, सदन/समुहलाई पुरुस्कार वितरण र प्रमाण-पत्र दिनको लागि आर्थिक समस्या रहेको शिक्षकहरूको धारणा देखियो । आर्थिक अभावका कारण विद्यालय सित आवश्यक अन्य स्रोत र सामग्रीहरू पनि नरहेकोले कार्यक्रमहरू सञ्चालनमा कठिनाई परेको देखियो । विद्यार्थीले खुलेर शिक्षकसंग आफ्नो समस्याहरू भन्न नसक्नु, शिक्षकबाट विद्यार्थीहरूले टाढा हुन खोज्ने समस्याले छात्रछात्राहरूलाई अतिरिक्त कार्यक्रमहरूमा सहभागी गराउन नसकिएको शिक्षकहरूको गुनासो पाइयो । कार्यक्रममा भाग लिने विद्यार्थीहरूमा पनि लजाउने प्रवृत्तिले कार्यक्रमहरू स्तरीय हुन नसकेको शिक्षकहरूको धारणा र प्रतिक्रियाबाट प्राप्त भयो ।

विद्यार्थीहरूबाट प्राप्त प्रतिक्रिया अनुसार विद्यालयले अतिरिक्त कार्यक्रमहरू सञ्चालन गर्नको लागि समयको उचित व्यवस्थापन नहुनु र आफूहरूलाई कार्यक्रमका बारेमा पूर्व जानकारी नहुनु कार्यक्रम सञ्चालनका समस्या वा बाधक तत्वका रूपमा देखिए । कार्यक्रमसम्बन्धी पूर्व जानकारी नभएका कारण आफूहरूले कार्यक्रममा भाग लिँदा अलमलमा पर्ने विद्यार्थीहरूबाट प्रतिक्रिया आयो । विद्यालयमा उपलब्ध खेलमैदान र खेलसामग्रीहरूको अभावका कारण विद्यार्थीहरूले आ-आफ्नो रुची र आवश्यकताअनुसार खेलकूदका कार्यक्रमहरू सञ्चालन हुन नसकेको विद्यार्थीहरूको प्रतिक्रियामा देखिन आयो । कार्यक्रमहरूमा भाग लिनका लागि आफूहरूले शिक्षकहरूबाट प्रेरणा र प्रोत्साहन नपाउनु, कार्यक्रममा भाग लिएपछि स्थान नओगट्दा शिक्षक र सहपाठीहरूबाट अपहेलीत व्यवहार पाउने भएका कारण सहभागी हुन डर लाग्ने विद्यार्थीहरूको प्रतिक्रियाबाट स्पष्ट हुन्छ । कार्यक्रमहरू सञ्चालन गर्न र गराउनमा विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूको चासो न्यून रहेकाले कार्यक्रम सञ्चालनमा समस्या हुने गरेको पाईयो । यसका साथै प्रधानाध्यापक र शिक्षकहरूको आपसी मनमेटाव पनि कार्यक्रम सञ्चालनमा वाधक रहेको विद्यार्थीहरूको प्रतिक्रियामा पाइयो । अतिरक्त कार्यक्रमहरू कार्यान्वयन गर्न र गराउनका लागि आफूहरूको विद्यालयमा तालिम प्राप्त शिक्षक नभएको गुनासो विद्यार्थीहरूको भेटियो । जसले गर्दा आ-आफ्नो रुची र आवश्यकता अनुसार कार्यक्रमहरूमा सहभागी हुन नसकेको कुरा विद्यार्थीहरूको प्रतिक्रियामा देखिन आयो ।

समग्रमा कुनै पनि कार्यक्रमहरूलाई सूचारु रूपले सञ्चालन गरी व्यवस्थित, मर्यादीत, प्रभावकारी र उद्देश्यमूलक बनाउको लागि निश्चित नीति, नियम, पद्दति एक आपसमा सहयोग र दक्ष जनशक्तिको आवश्यकता पर्ने देखियो । अध्ययन क्षेत्रको नमुना छनोटमा परेका विद्यालयहरूमा अतिरिक्त क्रियाकलाप सञ्चालनमा वाधा पुऱ्याउने तत्त्वहरूमा खेल मैदान र खेलसामग्रीहरूको अवस्थालाई प्रमुख समस्याको रूपमा लिएको पाइयो । यसका साथसाथै विद्यालयको आर्थिक स्रोत, भौतिक सामग्री, दक्ष जनशक्तिको अनुपस्थिती पनि वाधा पुऱ्याउने तत्त्वको रूपमा देखियो । विद्यालयमा हुने लैङ्गीक र जातीगत भेदभावले पनि कार्यक्रम सञ्चालन्मा वाधा पुऱ्याएको देखियो । विद्यार्थीहरूको न्यून सहभागिता, अतिरिक्त क्रियाकलापको महत्त्व नबुझ्नु, अनुशासनको अभाव, प्र.अ., शिक्षक र विद्यार्थीहरूबीच सहमति र सहयोगको अभाव तथा कर्यक्रमहरूको निरन्तर मूल्याङ्कन र अनुगमन नहुनु जस्ता पक्षहरू अतिरिक्त क्रियाकलाप सञ्चालनमा बाधा पुऱ्याउने तत्त्वका रूपमा रहेका पाइए ।

### ४.२.४ हाल अतिरिक्त कार्यक्रमहरूलाई नियमित र स्तरीय बनाउने उपायहरू

अतिरिक्त क्रियाकलाप सामान्य शिक्षाको त्यो पुरक पक्ष हो जुन पाठ्यक्रमको बाहिर भए पनि पाठ्यक्रम जतिकै महत्त्वपूर्ण हुन्छ । यसले विविध किसिमको प्रयोगात्मक कार्यकलाप र प्रतिक्रियाहरूसीत सम्बन्धित भई विद्यार्थीहरूको सर्वाङ्गीण विकासका पक्षहरूमा परिवर्तन ल्याउने उद्देश्य राख्दछ (रा.शि.प. यो. २०२८) । यसकारण विद्यालयमा हुने अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूले विद्यार्थीहरूलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याएको देखिन्छ । अध्ययन क्षेत्रको नमुना छनोटमा परेका विद्यालयहरूका प्रधानाध्यापक र शिक्षकहरूले अतिरिक्त कार्यक्रमहरूलाई स्तरीय बनाउने उपायहरूसम्बन्धी व्यक्त गरेको सूचना एवम् धारणाहरूलाई उनिहरूकै प्रतिक्रियाका आधारमा प्राथमिकतामा राखी निम्नानुसारको तालिका बनाई विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं ४.४**

**अतिरिक्त कार्यक्रमहरूलाई नियमित र स्तरीय बनाउने उपायहरू**

| प्रधानाध्यापकहरूबाट प्राप्त प्रतिक्रिया | शिक्षकहरूबाट प्राप्त प्रतिक्रिया |
|---|---|
| विद्यार्थीहरूलाई पुरुस्कार र प्रोत्साहन, | सबै उमेर समूह र कक्षाका विद्यार्थीहरूलाई सहभागी गर्ने, |
| विद्यार्थीकेन्द्रीत कार्यक्रमहरू सञ्चालन, बालमैत्री व्यवहार | कार्यक्रम व्यवस्थापन र मूल्याङ्कनमा एकरूपता ल्याउने, |
| आर्थिक तथा भौतिक स्रोत र साधनहरू, | कार्यक्रमसम्बन्धी पूर्व जानकारी र योजना निर्माण, |
| छात्रछात्राहरूको समान सहभागिता, | विद्यार्थीहरूलाई पुरुस्कारको व्यवस्था, |
| कार्यक्रमसम्बन्धी पूर्व जानकारी, | सबै विद्यार्थीहरूप्रति समान व्यवहार गनुपर्ने, |
| प्र.अ., शिक्षक र विद्यार्थीबीच सहमति र सहयोग, | प्र.अ., शिक्षक र विद्यार्थीको सक्रिय सहभागिता, |
| लैङ्गीक र जातीगत भेदभावको अन्त्य, | अल्पसंख्यक विद्यार्थीहरूको सहभागितामा वृद्धि गर्ने |
| विद्यालय परिवारको सक्रिय चासो, स्रोतकेन्द्रबाट निरीक्षण र अनुगमन, वि.व्य.स. र अभिभावक संघसङ्ग समन्वय | शिक्षा नियमावलीमा उल्लेख भए बमोजिम कार्यक्रम सञ्चालन गर्ने |

माथिको तालिका नं. ४.४ मा अतिरिक्त कार्यक्रमहरूलाई स्तरीय बनाउने उपायहरूसम्बन्धी विद्यालयका प्रधानाध्यापकहरू र शिक्षकहरूबाट प्राप्त भएका प्रतिक्रियाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

प्रधानाध्यापकहरूबाट प्राप्त भएको प्रतिक्रियाको आधारमा कार्यक्रमहरूमा छात्रछात्राहरूलाई जोस जाँगर र उत्साह पूर्वक सहभागी गराउनु भाग लिने विद्यार्थीहरूलाई

प्रोत्साहन र पुरुस्कार वितरण गर्नुपर्ने देखियो । जसले गर्दा उनीहरूको आत्मगौरव बढ्न गई कार्यक्रममा अनुशासति ढङ्गबाट भाग लिने गरेको पाइयो । बालबालीकाहरूका लागि नै अतिरिक्त कार्यक्रमहरू गराउनु पर्ने भएकाले जहिले पनि विद्यार्थीहरूको रुची, चाहना, आवश्यकता र सीप अनुसार कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने कुरा प्रधानाध्यापकहरूको प्रतिक्रियामा देखियो । बालमैत्री व्यवहार कायम राखी सम्पूर्ण बालबालिकालाई पालैपालो गरी सहभागी गराउनु पर्ने देखियो । कार्यक्रमका लागि आवश्यक पर्ने आर्थिक र भौतिक स्रोत तथा साधनहरूलाई समयमा नै व्यवस्थापन गर्नु पर्ने देखियो । कार्यक्रमहरूको सञ्चालन तथा कार्यान्वयनमा छात्र र छात्राहरूको समान सहभागिता देखाए मात्र कार्यक्रम स्तरीय हुने प्रतिक्रिया दाताहरूको सूचनाबाट प्राप्त भयो । कार्यक्रमहरूलाई स्तरीय बनाउनको लागि के के कार्यक्रमहरू कुन कुन दिन गर्नुपर्ने हो सो सम्बन्धमा विद्यार्थी र शिक्षकहरूलाई पूर्व जानकारी गराउनु पर्ने देखियो । यसका साथै कार्यक्रमसम्बन्धी विद्यार्थीहरूलाई पूर्व अभ्यासमा सहभागी गराई आवश्यक तयारी गर्नुपर्ने देखियो ।

कार्यक्रमहरूलाई सूचारु रूपले सञ्चालन र व्यवस्थापन गर्नका लागि प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरूबीच एक आपसमा सहमती र सहयोग हुनुपर्ने देखियो । कार्यक्रमहरूको रूपरेखा वा योजना निर्माण गर्दाखेरी शिक्षक र विद्यार्थी प्रतिनिधिहरूको सङ्ग्लना हुन आवश्यक पर्ने प्रधानाध्यापकहरूको प्रतिक्रिबाट थाहा हुन्छ । यसैगरी स्रोत केन्द्र अन्तर्गतका सम्पूर्ण विद्यालयहरूले अतिरिक्त कार्यक्रमहरू सञ्चालन गरिराखेका छन् अथवा छैनन् । कार्यक्रम सञ्चालन र व्यवस्थापनमा विद्यालयहरूका के कस्ता समस्याहरू छन् । ती समस्याहरूलाई कसरी समाधान गर्न सकिन्छ भन्ने कुरालाई आत्मसाथ गर्दै स्रोतकेन्द्रबाट अतिरिक्त कार्यक्रमहरूको बेलाबेलामा निरीक्षण र अनुगमन हुनुपर्ने देखियो । कार्यक्रमहरूका लागि योजना तर्जुमा गर्दा विद्यालयको स्रोत र सामग्रीहरूको अवस्था एवम् कुन कुन कार्यक्रमहरू के-कसरी सञ्चालन गर्ने भनि विद्यालय व्यवस्थापन समिति र अभिभावक संघसंग समन्वय गर्नु पनि आवश्यक देखियो । विद्यालय एक सामाजिक संघ संस्था भएकाले विद्यालय परिवारभित्र हुने वा अतिरिक्त कार्यक्रमहरूमा हुने लैङ्गीक तथा जातीय भेदभावलाई अन्त्य गरिनुपर्ने प्रधानाध्यापकहरूको प्रतिक्रियामा पाइयो । कार्यक्रमहरूलाई स्तरीय बनाउनका लागि विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति लगायत अभिभावक संघको सक्रिय चासो हुनुपर्ने धारणा प्रधानाध्यापकहरूले व्यक्त गरेका थिए ।

शिक्षकहरूबाट प्राप्त प्रतिक्रियाअनुसार अतिरिक्त कार्यक्रमहरूलाई स्तरीय बनाउनका लागि सबै उमेर समूह र कक्षाका विद्यार्थीहरूलाई उनीहरूको रुची र आवश्यकता अनुसार कार्यक्रमहरूमा सहभागि गराउन पर्ने देखियो । कुन उमेर र कक्षाका विद्यार्थीहरूका लागि के कस्ता कार्यक्रमहरू गर्नुपर्ने हो उक्त कुरालाई पहिले नै निर्धारण गर्नुपर्ने देखियो । यसका साथसाथै कार्यक्रम सञ्चालन व्यवस्थापन र मूल्याङ्कनमा एकरूपता हुनुपर्ने कुरा शिक्षकहरूको

प्रतिक्रियाबाट स्पष्ट हुन आयो । मूल्याङ्कनमा व्यक्ति वा सदन/समूहलाई काखापाखा नगर्नु पर्ने देखियो । अतिरिक्त कार्यक्रमहरू विद्यार्थीहरूको व्यक्तित्त्व विकासका लागि गरिने भएकाले विद्यार्थीहरूलाई कार्यक्रमसम्बन्धी पूर्व जानकारी दिनुपर्ने हुन्छ । तबमात्र विद्यार्थीहरूले राम्रो क्षमता प्रदर्शन गर्न सकि कार्यक्रम रोचक हुने शिक्षकहरूको प्रतिक्रियामा पाइयो । यसका साथै उक्त कार्यक्रम कसरी सञ्चालन गर्ने हो भनी कार्यक्रमको योजना निर्माण गर्न आवश्यक देखियो । पुरुस्कार पाए पछि विद्यार्थीहरूको आत्मगौरव बढ्ने भएकाले कार्यक्रममा भाग लिई सदन समूहमा स्थान ल्याउनेलाई पुरुस्कारको व्यवस्था गर्नुपर्ने देखियो । कार्यक्रम सञ्चालन गर्दाखेरी कार्यक्रममा सहभागि सबै विद्यार्थीहरूप्रति शिक्षकहरूले समान व्यवहार गर्नुपर्ने देखियो । आफन्त र टाढाको नाममा प्रतिस्पर्धी विद्यार्थीहरू माथि पक्षपात नगर्नुपर्ने धारणा शिक्षकहरूले व्यक्त गरेका थिए । यस्तै गरी लिङ्गगत र जातीगत आधारमा विद्यार्थीहरूलाई सार्वजनिक स्थलहरूमा हेप्ने प्रवृत्ति ठीक नभएको धारणा शिक्षकहरूले व्यक्त गरेका थिए । अतिरिक्त कार्यक्रमहरूलाई स्तरीय बनाउन विद्यालयका प्रधानाध्यापक, सम्पूर्ण शिक्षकहरू र विद्यार्थीहरूको सक्रिय सहभागिता हुनुपर्ने देखियो । अल्पसंख्यक विद्यार्थीहरूलाई पनि कार्यक्रमहरूमा सहभागी हुने अवसर दिनुपर्ने देखियो । साथै उनीहरूलाई प्रेरणा र प्रोत्साहन गर्नुपर्ने कुरा शिक्षकहरूले व्यक्त गरेका थिए । यसका साथै विद्यालयको स्रोत र साधनले भ्याउने गरी शिक्षा नियमावलीमा उल्लेख भए बमोजिमका अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ भन्ने कुरा शिक्षकहरूको प्रतिक्रियामा देखियो ।

कुनै पनि कार्यक्रमलाई स्तरीय बनाउनका लागि कार्यक्रमलाई एउटा system को रूपमा लिनुपर्दछ । जसमा सङ्लग्न पक्षहरूको पहिचान काम कर्तव्य र सहभागिता हेरी तिनीहरूबीचको अन्तर प्रभाव बुझ्नु पर्दछ वा प्रकार्यात्मक स्वरुपको अध्ययन गर्नुपर्दछ भनि (M.Francis Abraham) ले बताएका छन् (साभार आचार्य, २०६५) ।

समग्रमा अतिरिक्त कार्यक्रमहरूलाई स्तरीय बनाउनका लागि त्यस कार्यक्रमसँग सम्बन्धित पक्षहरूको एक आपसमा प्रकार्यात्मक सम्बन्ध हुन आवश्यक देखियो । विद्यार्थीहरूलाई प्रतिभाको दृष्टिकोणबाट सन्तुलित र व्यवस्थित रूपमा कार्यक्रममा सहभागी गराउनु पर्ने देखियो । यसका साथै विद्यार्थीहरूलाई पुरुस्कार र प्रोत्साहन, कार्यक्रमका लागि आवश्यक पर्ने आर्थिक एवम् भौतिक स्रोत, लैङ्गीक र जातीय भेदभावको अन्त्य, प्रधानाध्यापक शिक्षक र विद्यार्थीको सक्रिय सहभागिता, विद्यार्थीहरूप्रति समान व्यवहार, कार्यक्रमको बारेमा पूर्व जानकारी र योजना निर्माण, स्रोत केन्द्रबाट निरीक्षण र अनुगमन, कार्यक्रम सञ्चालन, व्यवस्थापन र मूल्याङ्कनमा एकरूपता, विद्यार्थी केन्द्रीत कार्यक्रम र विद्यालय व्यवस्थापन समिति लगायत अभिभावक संघसंग समन्वय गरी अतिरिक्त कार्यक्रमहरू सञ्चालन गर्न सक्यो भने कार्यक्रमको स्तरीकरणमा सुधार गर्न सकिने कुरा प्रधानाध्यापक र शिक्षकहरूको प्रतिक्रियामा पाईयो ।

## ४.३ अतिरिक्त क्रियाकलापमा छात्रछात्राहरूको सहभागिता

विद्यार्थीहरूको चौतर्फी विकासका लागि शिक्षण सिकाईका अतिरिक्त विद्यालयमा सञ्चालन गरिने विविध कार्यक्रमहरूलाई अतिरिक्त क्रियाकलाप भनिन्छ । अतिरिक्त क्रियाकलापका माध्यमबाट विद्यार्थीहरूमा रहेको अन्तरनिहीत क्षमतालाई प्रस्फुटन गर्ने भएकाले अतिरिक्त कार्यक्रमहरूमा सबै उमेर समूह, लिङ्ग, जाति र कक्षाका विद्यार्थीहरूको आ-आफ्नो रुची र आश्यकता अनुसार अतिरिक्त क्रियाकलापमा सहभागी हुने अवसर दिनुपर्दछ । यसले गर्दा नयाँ क्षेत्रसँग सम्बन्धित सीपहरू सिक्नुका साथै नयाँ क्षेत्रमा रुची बढी सिर्जनात्मक क्षमताको विकासमा सहयोग पुग्दछ । विभिन्न तह र उमेर समूहका विद्यार्थीहरूको मानसिक बौद्धिक एवम् शारीरिक क्षमता फरक हुने भएको हुँदा प्रत्येक तहका लागि कार्यकलापको प्रकृति अनुसार आवश्यक परेमा अलग अलग सदन र समूह गठन गरी प्रतियोगिता सञ्चालन गर्नुपर्दछ । प्रतिभाको दृष्टिकोणबाट सन्तुलित र व्यवस्थित रूपमा सदन गठन गर्नुपर्दछ । अतिरिक्त क्रियाकलापमा सहभागी हुँदा पूर्ण स्वस्थता प्राप्त गर्नुको साथै शारीरिक तन्दुरुस्ती रहने भएकाले छात्र-छात्राहरूको समान सहभागिता गराउन आवश्यक देखिन्छ ।

सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था नामक शोधकार्यलाई सम्पन्न गर्नका लागि बैतडी जिल्लाको देउलेक गाउँ विकास समितिमा पर्ने छानी सामुदायिक प्रा.वि.. चनैराज नि.मा.वि., गणैराज सामुदायिक प्रा.वि. भूमेश्वर नि.मा.वि. र भूमिराज मा.वि.मा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूमा उमेर समूह, लिङ्ग र जातीगत आधारमा छात्र छात्राहरूको सहभागिता विद्यालयहरूको अतिरिक्त कार्यक्रमको रेकर्ड फाइलबाट र शिक्षकहरूसँगको प्रश्नावलीका माध्यमबाट पत्ता लगाइएको थियो । अध्ययन क्षेत्रको छनोटमा परेका पाँचवटै विद्यालयमा अतिरिक्त क्रियाकलापमा भाग लिने जम्मा विद्यार्थीहरूको संख्या ४५७ रहेको पाइयो । जसमध्ये गैर दलितका २२५ छात्र र १६१ छात्राले भाग लिएको देखियो, त्यसैगरी दलितका ३२ छात्र र ३९ छात्राले अतिरिक्त कार्यक्रममा भाग लिएको देखियो ६-११ वर्ष उमेर समूहका २४५ छात्रछात्राले भाग लिएको पाइयो भने १२-१६ वर्ष उमेर समूहका २१२ जना छात्र छात्राले भाग लिएको देखियो । विद्यालयहरूका रेकर्ड फाईलहरूबाट प्राप्त तथ्याङ्क र शिक्षकहरूको प्रतिक्रियाका आधारमा जातीगत लिङ्गगत र उमेर समूह अनुसार अतिरिक्त क्रियाकलापमा छात्र छात्राहरूको सहभागितालाई निम्नानुसारको तालिका बनाई विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं. ४.५**

**जातीगत, लिङ्गगत र उमेर समूहका आधारमा विद्यार्थीहरको अतिरिक्त क्रियाकलापमा सहभागिता**

| विद्यालयको नाम | जातीगत आधारमा | | | | | | उमेर समूहका आधारमा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | गैर दलित | | | दलित | | | ६-११ वर्ष | १२-१६ वर्ष | |
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | | | |
| श्री छानी सामुहदायिक प्राथमिक विद्यालय | ८ (३६.३६) | १८ (६३.६३) | २२ | २ (४०) | ३ (६०) | ५ | २७ (१००) | - | |
| श्री चनैराज निम्न माध्यमिक विद्यालय | २२ (५५) | १८ (४५) | ४० | १७ (४०.४७) | २५ (२५.५२) | ४२ | ६९ (८४.१४) | १३ | |
| श्री गणैराज सामुदायिक प्राथमिक विद्यालय | १८ (५१.४२) | १७ (४८.५७) | ३५ | २ (६६.६६) | १ (५३.३३) | ३ | ३८ (१००) | - | |
| श्री भूमेश्वर निम्न माध्यमिक विद्यालय | ३५ (४६.६६) | ४० (५३.३३) | ७५ | ७ (४६.६६) | ८ (८३.३३) | १५ | ५३ (५८.८८) | ३७ (४१.११) | |
| श्री भूमिराज माध्यमिक विद्यालय | १४२ (६६.३५) | ७२ (३३.६४) | २१४ | ४ (६६.६६) | २ (३३.३३) | ६ | ५८ (२६.३६) | १६२ (७३.६३) | |
| जम्मा | २२५ (५८.२९) | १६१ (४१.७०) | ३८६ | ३२ (४५.०७) | ३९ (५४.९२) | ७१ | २४५ (५३.६१) | २१२ (४६.३८) | |

स्रोत : विद्यालय अभिलेख, २०६७।

नोट : कोष्ठभित्रको संख्याले प्रतिशतलाई जनाउँदछ।

माथिको तालिका नं. ४.५ लाई विश्लेषण गर्दा छानी सामुदायिक प्राथमिक विद्यालयका २७ जना छात्र छात्राले अतिरिक्त क्रियाकलापमा सहभागिता जनाएको देखियो । अतिरिक्त क्रियालापमा भाग लिने २२ जना गैरदलितका विद्यार्थीसंख्या मध्ये ३६.३६% (८) छात्र र ६३.६३% (१४) छात्राहरू रहेका पाइए । त्यसैगरी कार्यक्रममा भाग लिने ५ जना दलितका विद्यार्थी संख्या मध्ये ४०% (२) छात्र र ६०% (३) छात्राहरूको सहभागिता रहेको देखियो । कार्यक्रममा भाग लिने सबै विद्यार्थीहरू ६-११ वर्ष उमेर समूहमा परेका देखिए ।

चनैराज निम्न माध्यमिक विद्यालयका ८२ जना विद्यार्थीहरूले अतिरिक्त कार्यक्रममा सहभागिता जनाएको देखियो । जसमध्ये अतिरिक्त क्रियाकलापमा भाग लिने गैर दलितका ४० जना विद्यार्थी संख्या मध्ये ५५% (२२) छात्र र ४५% (१८) छात्राहरू रहेका देखिन्छन् । त्यसै गरी अतिरिक्त कार्यक्रममा भाग लिने दलितका ४२ जना विद्यार्थीहरूको संख्या मध्ये ४०.४७% (१७) छात्र र ५९.५२% (२५) छात्राहरूको सहभागिता देखियो, ६-११ वर्ष उमेर समूहका ८४.१४% (६९) छात्र छात्राहरूले कार्यक्रममा सहभागिता जनाएको देखियो भने १२-१६ वर्ष उमेर समूहका १५.८५% (१३) को सहभागिता रहेको पाइयो ।

गणैराज सामुदायिक प्राथमिक विद्यालयमा ३८ जना विद्यार्थीहरूले अतिरिक्त कार्यक्रममा सहभागिता जनाएको देखियो । सहभीगता जनाउने विद्यार्थीहरूमध्ये गैर दलितका ३५ जना छात्र छात्राहरूमा क्रमशः ५१.४२% (१८) छात्र र ४८.५७% (१७) छात्राहरू रहेका पाइए । त्यसैगरी दलितका केवल ३ जना छात्रछात्रामध्ये ६६.६६% (२) छात्र र ३३.३३% (१) छात्राले भाग लिएको पाइयो । कार्यक्रममा भाग लिने सबै विद्यार्थीहरू ६-११ वर्ष उमेर समूहका पाइए ।

भूमेश्वर निम्न माध्यमिक विद्यालयमा ९० जना विद्यार्थीहरूले अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूमा सहभागिता जनाएको पाइयो । जसमध्ये गैरदलितका ७५ जना विद्यार्थीहरूमा छात्रहरूको सहभागिता ४६.६६% (३५) र छात्राहरूको सहभागिता ५३.३३% (४०) रहेको पाइयो । त्यसैगरी दलितका १५ जना विद्यार्थीहरूमध्ये अतिरिक्त क्रियकलापमा ४६.६६% (७) छात्र र ५३.३३% (८) छात्राहरूले सहभागिता जनाएको देखियो । ६-११ वर्ष उमेर समुहका ५८.८८% (५३) ले अतिरिक्त कार्य क्रममा सहभागिता देखाएको पाइयो भने १२-१६ वर्ष उमेर समूहका ४१.११% (३७) ले सहभागिता जनाएको पाइयो ।

भूमिराज माध्यमिक विद्यालयमा २२० जना विद्यार्थीहरू अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूमा सहभागि भएका देखिए । जसमध्ये २१४ जना गैर दलितका छात्रछात्राहरूले भाग लिएको देखियो । कार्यक्रममा गैर दलितका ६६.३५% (१४२) छात्र र ३३.६४% (७२) छात्राहरू सहभागी भएका पाइए । त्यसैगरी दलितका ६ जना विद्यार्थीहरू मध्ये ६६.६६% (४) छात्र र ३३.३३% (५८) छात्र छात्राहरू कार्यक्रममा सहभागी भएका पाइए । ६-११ वर्ष उमेर समूहका २६.३६% (५८) छात्रछात्राहरूले अतिरिक्त कार्यक्रममा भाग लिएको पाइयो भने १२-१६ वर्ष उमेर समूहका ७३.६३% (१६२) छात्रछात्राहरू सहभागी भएका पाईए ।

समग्रमा गैरदलितका अतिरिक्त कार्यक्रममा भाग लिने ३८६ विद्यार्थी संख्या मध्ये २२५ (५८.२९%) छात्र र १६१ (४१.७०%) छात्राहरू अतिरिक्त कार्यक्रमहरूमा सहभागी भएका पाइए । त्यसै गरी दलितका ७१ विद्यार्थी संख्यामध्ये ३२ (४५.०७%) छात्र र ३९ (५४.९२%) छात्राहरूले कार्यक्रममा सहागिता जनाएको पाइयो । अतिरिक्त कार्यक्रममा भाग लिने ४५७ विद्यार्थी संख्या मध्ये ६-११ वर्ष उमेर समूहका २४५ (५३.६१%) छात्रछात्राहरू र १२-१६ वर्ष उमेर समूहका २१२ (४६.३८%) छात्रछात्राहरूको सहभागिता रहेको पाइयो ।

छानी सामुदायिक प्रा.वि.मा गैरदलित र दलितका छात्रहरूभन्दा छात्राहरूको अतिरिक्त कार्यक्रममा बढी सहभागिता देखियो । त्यसै गरी चनैराज नि.मा.वि.मा गैरदलितमा छात्रहरूको सहभागिता बढी देखियो भने दलित विद्यार्थीहरूमा छात्राहरू बढी सहभागि भएका पाईए । १२-१६ वर्ष उमेर समूहभन्दा ६-११ वर्ष उमेर समूहकाले कार्यक्रममा बढी भाग लिएको पाइयो । गणैराज सामुदायिक प्रा.वि.मा गैरदलित र दलित छात्रहरूको छात्राहरूभन्दा बढी सहभागिता रहेको पाइयो । भूमेश्वर नि.मा.वि.मा गैर दलितमा छात्रहरूको भन्दा छात्राहरूको सहभागिता बढी देखियो भने दलितमा पनि छात्राहरूको नै बढी सहभागिता रहेको पाईयो । ६-११ वर्ष उमेर समूहका विद्यार्थीहरूको भन्दा १२-१६ वर्ष उमेर समूहका विद्यार्थीहरूको सहभागिता कम देखियो । भूमिराज माध्यमिक विद्यालयमा गैरदलित र दलितका छात्राहरूको सहभागिताभन्दा छात्रहरूको सहभाीगता बढी देखियो । ६-११ वर्ष उमेर समूहभन्दा १२-१६ वर्ष उमेर समूहका छात्रछात्राहरूको अतिरिक्त कार्यक्रममा बढी सहभागिता रहेको पाइयो ।

### ४.३.१ अतिरिक्त क्रियाकलापमा बढी सहभागी हुने विद्यार्थीहरुको सहभागिता हुनका कारण

विद्यालयहरूमा हुने अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूले विद्यार्थीहरूको व्यक्तित्त्व विकासमा शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको विकासमा सहयोग पुऱ्याएको देखिन्छ । बालबालिकाहरू भित्र रहेको कला सौन्दर्य र सीपलाई उजागर गर्न अतिरिक्त कार्यक्रमले मद्दत पुऱ्याएको हुन्छ । अतिरिक्त कार्यक्रमहरूले विद्यार्थीहरूमा सामाजिक भावनाको विकास गराउनका साथै फूर्सदको समयलाई सदुपयोग गर्ने बानीको विकास गरेको पाइन्छ । अध्ययन क्षेत्रको नमुना छनोटमा परी सूचना दाताको रूपमा रहेका शिक्षकहरूको प्रतिक्रियाका आधारमा कार्यक्रममा विद्यार्थीहरू बढी सहभागी हुनका कारणहरूलाई प्राप्त सूचनाअनुसार प्राथमिकतामा राखि निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

- औसत रूपमा विद्यार्थी संख्या बढी भएकाले
- शिक्षक र अभिभावकबाट प्रोत्साहन पाउनु
- अन्य जातिका केटा केटीले भाग नलिनाले
- अतिरिक्त क्रियाकलापको महत्त्व बुझेर
- पुरुस्कार पाउने आसामा
- सहपाठीहरूमा आफ्नो स्थान अगाडी ल्याउन

माथि उल्लेखित कुराहरुलाई विश्लेषण गर्दा विद्यालयमा जुन जातीका विद्यार्थीहरूको बाहुल्यता बढी हुन्छ त्यहीँ जातीका बालबालिकाहरूले अतिरिक्त कार्यक्रममा बढी भाग लिएको पाइयो । कार्यक्रममा भाग लिन शिक्षक र अभिभावकहरूबाट प्रोत्साहन र प्रेरणा पाएकाले र अन्य जातिका बालबालिकाले भाग नलिनाले एकै जातीका विद्यार्थीहरू बढी सहभागी भएको शिक्षकहरूको प्रतिक्रियामा पाइयो । अतिरिक्त क्रियाकलापले व्यक्तित्व विकासमा सहयोग पुऱ्याउने कुरालाई थाहा पाएर वा आफ्नो सीप प्रदर्शन गर्नु पाइने भएकाले विद्यार्थीहरूले अतिरिक्त कार्यक्रममा बढी सहभागी हुन खोजेको पाइयो । अतिरिक्त कार्यक्रमहरूमा भाग लिई सहपाठीहरू बीचमा आफ्नो स्थान अगाडि ल्याउन र पुरुस्कार पाउने आशामा विद्यार्थीहरूले बढी भाग लिने गरेको शिक्षकहरूको प्रतिक्रियाबाट प्राप्त हुन आयो ।

### ४.३.२ अतिरिक्त क्रियाकलापमा कम सहभागी हुने विद्यार्थीहरुको सहभागितामा कमी हुनका कारण

अतिरिक्त क्रियाकलाप सामान्य शिक्षाकै एक महत्त्वपूर्ण अंश भएकाले विद्यालयका सम्पूर्ण छात्र छात्राहरूलाई अतिरिक्त कार्यक्रममा समान रूपमा सहभागी गराउन आवश्यक देखिन्छ । प्रतिभाको दृष्टिकोणबाटसन्तुलित र व्यवस्थित हुने गरी व्यक्तिगत वा सदनहरूबीच प्रतिस्पर्धा गराउन सक्यो भने विद्यार्थीहरूको माझबाट नै उत्कृष्ट प्रतिभाशाली खेलाडी र कलाकारहरूको चयन गर्न सकिन्छ । अध्ययन क्षेत्रको नमुना छनोटमा परी सूचना दाताको रुपमा रहेका शिक्षकहरूको प्रतक्रियाका आधारा कार्यक्रममा विद्यार्थीहरु कम सहभागी हुनका कारणहरुलाई प्राप्त सूचनाअनुसार प्राथमिकताा राखि निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

- विद्यार्थी संख्याको पहुँच थोरै भएर
- शिक्षक र अभिभावकबाट प्रोत्साहन नपाउनु
- अतिरिक्त क्रियाकलापसम्बन्धी ज्ञानको कमी
- कार्यक्रममा सहभागीता देखाउन लाज लागेर
- लिङ्ग र जातीगत आधारमा भेदभाव भएर
- सहपाठीहरूद्वारा हेपीने प्रवृत्ती

माथि उल्लेखित सूचनाहरूलाई विश्लेषण गर्दा विद्यालयमा औषत रूपमा विद्यार्थीसंख्याको पहुँच थोरै भएका विद्यार्थीहरूले अतिरिक्त क्रियाकलापमा सहभागी हुन नखोजेको कुरा शिक्षकहरूको प्रतिक्रियामा पाइयो । शिक्षक र अभिभावकको प्रेरणा नपाउञ्जेलसम्म आफू खुसी विद्यार्थीहरूले भाग नलिएको पाइयो । अतिरिक्त क्रियाकलापसम्बन्धी ज्ञानको कमी भएका कारण पनि विद्यार्थीहरूले कार्य क्रममा भाग लिन खोजेको पाइएन । यसका साथै विद्यालयमा जातीगत र लिङ्गगत आधारमा हुने भेदभावले दलित जाती र छात्राहरूको कम सहभागिता रहने शिक्षकहरूको प्रतिक्रियाबाट प्राप्त भयो । कार्यक्रममा स्थान नओगट्दा सहपाठीद्वारा हेपिने डर र विद्यार्थीहरूको मासमा आफ्नो सहभागिता देखाउन लाज लाग्ने भएकाले पनि अतिरिक्त कार्यक्रममा छात्रछात्राहरूको कम सहभागिता हुने गरेको शिक्षकहरूको प्रतिक्रियामा देखियो ।

# परिच्छेद –पाँच
## प्राप्ति निश्कर्ष र सुझावहरू

प्रस्तुत "सामुदायिक विद्यालयहरुमा अतिरिक्त क्रियाकलापको अवस्था" नामक शोधशीर्षकमा अध्ययन सञ्चालन गरी अध्ययनबाट प्राप्त सूचना, धारणा एवं तथ्याङ्कहरूको विश्लेषण र व्याख्याको आधारमा प्राप्त प्राप्ती, निष्कर्ष एवं सूझावहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ५.१ प्राप्ति

यस अध्ययनमा उद्देश्य अनुरूप सूचनाहरू संकलन गरी विश्लेषण र व्याख्या पश्चात् प्राप्त भएका प्राप्तिहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

- विद्यार्थीहरूको व्यक्तित्व विकासका पक्षहरूमा सहयोग पुग्ने गरी विद्यालयले कक्षा शिक्षण बाहेक अतिरिक्त समयमा सञ्चालन गर्ने विभिन्न किसिमका कार्यक्रमहरूलाई अतिरिक्त क्रियाकलापको रूपमा लिएको पाइयो । अर्थात विद्यार्थीहरूको शारीरिक मानसिक सामाजिक र संवेगात्मक विकासका लागि विद्यालयमा सञ्चालन गरिने कार्यक्रमहरू अतिरिक्त क्रियाकलापको रूपमा लिइयो ।
- विद्यालयहरूले अतिरिक्त कार्यक्रमहरू सञ्चालन गर्नका लागि शिक्षा ऐन र अतिरिक्त तथा सहक्रियाकलाप स्रोत पुस्तिकामा भएका नीति नियम र पद्धतिको प्रयोग नगरेको पाइयो ।
- अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूमा सांस्कृतिक कार्यक्रम, हाजीरिजवाफ, हिज्जे, खेलकुदका कार्यक्रम, चित्रकला र हस्तकला प्रतियोगिता, सरसफाई कार्यक्रम, साहित्यिक गतिविधि, वक्तृत्वकला प्रतियोगिताहरू रहेका पाइए ।
- विद्यालयमा हाल भइरहेका कार्यक्रमहरू प्रति प्रधानाध्यापक शिक्षक र विद्यार्थीहरूको न्यून सन्तुष्टी रहेको पाइयो ।
- प्रत्येक विद्यालयहरूमा खेलकुदमा कार्यक्रमहरू सञ्चालनका लागि खेल मैदान र खेल सामग्रीहरूको अभाव पाइयो ।
- अतिरिक्त क्रियकलापमा समावेश हुने सामग्रीहरूमा भलिबल, फुटबल, क्रिकेट हार्मोनियम, डम्फू, मादल, गितार, चिम्टा, रङ्ग पेन्ट, कागज, भित्तेपाटी, पोशाक, डोरी, रिङ जाली, क्यारमबोर्ड रहेका देखिए ।
- अतिरिक्त कार्यक्रमहरूले विद्यार्थीहरूमा नियमित पढ्ने बानिको विकास, बोल्न सक्ने र नेतृत्व लिन सक्ने क्षमता, सिर्जनात्मक शैलिको विकास, अनुसासीत हुने र सिप विकासमा सहयोग पुऱ्याएको देखियो ।

- विद्यार्थीहरूको ज्ञान, सिप, रुची र आवश्यकता अनुसार कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने देखियो ।
- प्रत्येक विद्यालयले अतिरिक्त कार्यक्रमहरूलाई शुक्रबारको चौथो घण्टी पछी सञ्चालन गर्ने गरेको पाइयो ।
- अतिरिक्त कार्यक्रमहरूलाई प्रतिस्पर्धी र स्तरीय बनाउन विद्यार्थीहरूलाई प्रतिभाको दृष्टिकोणबाट सन्तुलित हुने गरी सदनहरू विभाजन गरेको देखियो ।
- विद्यार्थीहरूको उमेर समुह, शारीरिक अवस्था र मानसिक क्षमता हेरी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखियो ।
- कार्यक्रमहरूलाई सुचारु रूपले सञ्चालन र व्यवस्थापन गर्नका लागि प्रधानाध्यापक शिक्षक र विद्यार्थीहरूबीच एक आपसमा सहमती र सहयोगको भावना हुनुपर्ने दखियो ।
- अतिरिक्त क्रियाकलाप सञ्चालनका आधारहरूमा समान सहभागिता, विद्यार्थी केन्द्रित कार्यक्रम, लैङ्गिक समानता, विद्यालयको आवश्यकता, विद्यालयमा उपलब्ध स्रोत र सामग्रीहरू, विद्यालयको आर्थिक अवस्था र विद्यालय परिवारको चासो रहेका पाइए ।
- विद्यार्थीहरूमा लिङ्गगत र जातिगत हिसाबले भेदभाव भएकाले कार्यक्रममा सहभागी गराउनु समस्या रहेको पाइयो ।
- अतिरिक्त कार्यक्रमहरूमा भाग लिन विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूले विद्यार्थीहरूलाई प्रोत्साहन र प्रेरणा दिने गरेको पाइएन ।
- विद्यार्थीहरूको न्यून सहभागिता, अनुशासनको अभाव, प्र.अ शिक्षक र विद्यार्थीहरूबीच सहयोगको अभाव कार्यक्रमहरूको मूल्याङ्कन र अनुगमन नहुनु जस्ता पक्षहरू अतिरिक्त कार्यक्रमहरू सञ्चालनमा बाधा पुऱ्याउने तत्वको रूपमा रहेका पाइए ।
- अतिरिक्त कार्यक्रमहरूका लागि दक्ष जनशक्ति वा तालिम प्राप्त शिक्षकको अभाव रहेको पाईयो ।
- अतिरिक्त कार्यक्रमहरूलाई स्तरीय बनाउनका लागि विद्यार्थीहरूलाई पुरुस्कार र प्रोत्साहन दिनुपर्ने, कार्यक्रमका लागि आवश्यक पर्ने स्रोत साधन जुटाउने, सबै विद्यार्थीहरूप्रति समान व्यवहार गर्नुपर्ने, कार्यक्रम सम्बन्धी पुर्व जानकारी र योजना निर्माण गर्ने, कार्यक्रम सञ्चालन र मूल्याङ्कनमा एकरूपता ल्याउनुका साथै स्रोतकेन्द्रबाट निरीक्षण र अनुगमन हुनुपर्ने देखियो ।
- छानी सामुदायिक प्रा. वि. मा. जम्मा २७ जना छात्रछात्राहरूले अतिरिक्त कार्यक्रममा भाग लिएको पाइयो, जसमा गैर दलितका २२ जना मध्ये ८ (३६.३६) छात्र र १४ (६३.३६%) छात्राहरूले भाग लिए भने दलितका ५ जना विद्यार्थी मध्ये २ (४०%) छात्र र ३(६०%) छात्राहरूको सहभागिता देखियो । कार्यक्रममा भाग लिने सबै छात्रछात्राहरू ६-११ वर्ष उमेर समूहका पाइए ।

- चनैराज नि.मा.वि.मा जम्मा ८२ जना विद्यार्थीहरूको अतिरिक्त कार्यक्रममा सहभागिता देखियो । जसमध्ये गैरदलितका ४० जना छात्रछात्राहरू मध्ये २२(५५%) छात्र र १८ (४५%) छात्राहरूले कार्यक्रममा भाग लिए भने दलितका ४२ जना सहभागीमध्ये १७ (४०.४७) छात्र र २५(५९.५२%) छात्राहरू सहभागी भएको पाइयो । ६-११ वर्ष उमेर समूहका ६९(८४.१४%) छात्रछात्रा र १२-१६ वर्ष उमेर समूहका १३(१५.८५%) छात्रछात्राहरूको सहभागिता रहेको पाईयो ।

- गणैराज सामुदायिक प्रा. वि. का ३८ जना विद्यार्थीहरूले कार्यक्रममा भाग लिएको देखियो । गैरदलितका ३५ जना विद्यार्थीहरू मध्ये १८( ५१.४२%) छात्र र १७(४८.५७%) छात्राहरूको सहभागिता रहेको पाइयो । त्यसै गरी दलितका २ ( ६६.६६%) छात्र र १ (३३.३३ %) छात्राले भाग लिएको पाइयो । कार्यक्रममा भाग लिने छात्रछात्राहरू सबै ६- ११ बर्ष उमेर समूहमा परेका देखिए ।

- भूमेश्वर नि.मा.वि.मा ९० जना छात्रछात्राहरूले अतिरिक्त कार्यक्रममा सहभागिता जनाएको पाइयो । गैरदलितका ७५ जना सहभागिहरूमध्ये ३५(४६.६६%) छात्र र ४० (५३.३३%) छात्राहरूको सहभागिता रहेको पाइयो । त्यसै गरी दलितका १५ जना सहभागि मध्ये ७(४६.६६%) छात्र र ८( ५३.३३%) छात्राहरूको सहभागिता देखियो । ६-११ बर्ष उमेर समूहका ५३ (५८.८८%) छात्रछात्रा र १२-१६ वर्ष उमेर समूहका ३७ (४१.११%) छात्रछात्राहरू अतिरिक्त कार्यक्रममा सहभागि भएका पाइए ।

- भूमिराज मा. वि. का २२० जना छात्रछात्राहरूले अतिरिक्त कार्यक्रममा सहभागिता देखाएको पाइयो । गैर दलितका २१४ सहभागि मध्ये १४२(६६.३५%) छात्र र ७२ (३३.६४%) छात्राहरू सहभागि भएका देखिए । त्यसैगरी दलितका ६जना सहभागि मध्ये ४(६६.६६%) छात्र र २(३३.३३%) छात्राहरूले कार्यक्रममा भाग लिएको पाइयो । ६-११ बर्ष उमेर समूहका ५८(२६.३६%) छात्रछात्रा र १२-१६ बर्ष उमेर समूहका १६२ (७३.६३%) छात्रछात्राले कार्यक्रममा भाग लिएको पाइयो ।

- पाँचवटै विद्यालयका जम्मा ४५७ जना छात्रछात्राहरू अतिरिक्त कार्यक्रममा सहभागि भएका पाइए । गैरदलितका ३८६ सहभागि मध्ये २२५(५८.२९%) छात्र र १६१( ४१.७०%) छात्राहरू सहभागि भएका देखिए भने दलितका ७१ जना सहभागि मध्ये ३२( ४५.०७) छात्र र ३९(५४.९२%) छात्राहरूको अतिरिक्त कार्यक्रममा सहभागिता देखियो। ६-११ बर्ष उमेर समूहका २४५(५३.६१%) छात्र छात्रा र १२-१६ बर्ष उमेर समूहमा २१२(४६.३८%) छात्रछात्राहरूको सहभागिता देखियो ।

## ५.२ निश्कर्ष

**सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था** नामक शोध शीर्षकको अध्ययनबाट प्राप्त भएका सूचनाहरूको विश्लेषण एवम् व्याख्या पश्चात् प्राप्त प्राप्तीहरूको आधारमा निम्नानुसारको निष्कर्ष प्रस्तुत गरिएको छ ।

विद्यार्थीहरुको शारीरिक, मानसिक, सामाजिक, सम्वेगात्मक विकासका लागि कक्षा शिक्षण बाहेक विद्यालयले अतिरिक्त समयमा सञ्चालन गर्ने कार्यक्रमलाई अतिरिक्त क्रियाकलापको रुपमा लिएको पाइयो । विद्यार्थीहरूले कक्षा कोठामा सिकेका वा प्राप्त गरेका ज्ञान सिपलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न अतिरिक्त कार्यक्रमहरूले सहयोग पुऱ्याएको देखियो । यसमा साथै विद्यार्थीहरूको व्यक्तित्त्व विकासका शारिरीक, मानसिक सामाजिक र संवेगात्मक पक्षहरूमा पनि अतिरिक्त कार्यक्रमहरूले सहयोग पुऱ्याएको देखियो । छनोटमा परेका विद्यालयहरूले खेलकूदका कार्यक्रम, सांस्कृतिक कार्यक्रम, साहित्यिक गतिविधि, नाटक प्रतियोगिता, सरसफाइ कार्यक्रम, चित्रकला र हस्तकला, हाजीरिजवाफ, हिज्जे कार्यक्रमहरू सञ्चालन गरेको पाइयो । विद्यालयमा हाल भइरहेका अतिरिक्त कार्यक्रमहरू प्रति प्रधानाध्यापक शिक्षक र विद्यार्थीहरू पूर्ण रूपमा सन्तुष्ट रहेका देखिएन । विद्यालयमा हुने अतिरिक्त कार्यक्रमहरूको लागि कार्यक्रमको स्वरूप र प्रकृति हेरी भिन्न-भिन्न खालका स्रोत र सामग्रीहरूको आवश्यकता पर्ने देखियो । कार्यक्रमहरूलाई सुचारु रूपले सञ्चालन र व्यवस्थापन गर्नका लागि निश्चित नीति नियम र पद्धतिको आवश्यकता पर्ने देखियो । छनोटमा परेका सबै विद्यार्थीहरूले अतिरिक्त कार्यक्रमहरू मध्ये खेलकुदका कार्यक्रमहरूलाई बढी प्राथमिकता दिएको पाइयो । विद्यार्थीहरूको रुची, चाहना, उमेर र आवश्यकता अनुसार अतिरिक्त कार्यक्रमहरू सञ्चलन गर्नु पर्ने देखियो । अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूलाई खास गरेर व्यक्तिगत अन्तरसदन र अन्तर विद्यालयका आधारमा सञ्चालन गरेको पाइयो । छनोटमा परेका पाँचवटा विद्यालयमा मध्ये दुइवटा विद्यालयले शैक्षिक सुरुवतामा नै बर्ष भरि गरिने अतिरिक्त कार्यक्रमहरूको रपरेखा तयार पारेको देखियो भने बाँकी तीनवटा विद्यालयले कार्यक्रमहरू गर्ने भनिएता पनि कार्यक्रमको बारेमा पुर्व योजना निर्माण गरेको पाइएन ।

विद्यार्थीहरूलाई सदनमा विभाजन गर्दा प्रतिभाको दृष्टिकोणबाट सन्तुलित र व्यवस्थित रूपमा समान प्रतिनिधित्व हुने गरी सदन विभाजन गरेको पाइयो । कार्यक्रमहरूलाई सुचारु रूपले सञ्चालन गर्न प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरू बिच एकआपसमा सहमती र सहयोग हुनुपर्ने देखियो । अतिरिक्त कार्यक्रमले सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने भएकाले सबै विद्यार्थीहरूको समान सहभागिता गराउनु पर्ने देखियो । तर विद्यालयहरूमा जातीगत र लैङ्गिक भेदभाव कायम रहेको पाइयो । विद्यालयमा उपलब्ध आर्थिक स्रोत अनुसार कार्यक्रम सञ्चालन र पुरुस्कार तथा प्रमाण पत्र वितरण गर्नुपर्ने देखियो । विद्यालयको आर्थिक अवस्था कमजोर, तालिम प्राप्त शिक्षकको अभाव, विद्यार्थीहरूको न्यून सहभागिता, खेल मैदानको कमी हुनु,

अतिरिक्त कार्यक्रमहरू सञ्चालनमा बाधा पुऱ्याउने तत्त्वको रूपमा रहेका पाइए । कार्यक्रमहरूमा सुधार ल्याउन कार्यक्रमको समीक्षा तथा मूल्याङ्कन हुनुपर्ने, विद्यार्थीहरूलाई पूर्वजानकारी र योजना निर्माण गर्नुपर्ने, कार्यक्रमका लागि आवश्यक स्रोत साधन जुटाउनु पर्ने देखियो । यसका साथ साथै लिङ्गीय र जातिय भेदभावको अन्त्य गरी विद्यार्थी केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखियो । अतिरिक्त क्रियाकलापका कार्यक्रममा छात्रछात्राहरूको सहभागिता हेर्दा चारवटा विद्यालयहरूमा गैरदलित छात्र छात्राहरूको बढी सहभागिता देखियो भने एउटा विद्यालयमा दलित छात्रछात्राहरूको सहभागिता बढी देखिन आयो । उमेर समूहका आधारमा ६-११ वर्ष उमेर समूहका छात्रछात्राहरूले बढी भाग लिएको देखियो । विद्यार्थीहरूमा जातीगत र लिङ्गगत भेदभाव भएकाले अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूमा छात्र र छात्राहको समान सहभागिता नरहेको पाइयो ।

## ५.३ सुझावहरू

सामुदायिक विद्यालयहरूमा सञ्चालन भइराखेका अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूको अवस्था हेरी कार्यक्रमहरूमा देखिएका कमीकमजोरीहरूलाई सुधार गर्न निम्न सुझावहरू सबै विद्यालयका लागि आवश्यक देखिन्छन् :

- अतिरिक्त कार्यक्रमहरूलाई नियमित रूपले सञ्चालन गर्न शैक्षिक सत्रको सुरुवातमा नै विद्यालयको बार्षिक कार्ययोजनामा अतिरिक्त कार्यक्रमहरूको रूपरेखा तयार गर्नुपर्ने ।
- कार्यक्रमहरूको रूपरेखा तयार गर्दा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी प्रतिनिधि, विद्यालय व्यवस्थापन समिति र अभिभावक संघसंग सामुहिक रूपम छलफल गर्नुपर्ने ।
- विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरूबीच एक आपसमा सहयोग सहमती र सन्तुलन हुनुपर्ने,
- विद्यार्थीहरूलाई सदनमा विभाजन गर्दा प्रतिभाको दृष्ट्रिकोणबाट सन्तुलित र व्यवस्थित हुने गरी सबै विद्यार्थीहरूको समान प्रतिनिधित्त्व गराउनु पर्ने ।
- अतिरिक्त कार्यक्रमहरू विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि सञ्चालन गरिने भएकाले जहिले पनि कार्यक्रम विद्यार्थी केन्द्रित हुनुपर्ने ।
- कार्यक्रम सञ्चालन र व्यव्स्थापनमा प्रधानाध्यापक शिक्षक र विद्यार्थीहरूको सक्रिय सहभागिता हुनुपर्ने ।
- कार्यक्रम सञ्चालनका लागि विद्यालयहरूले निश्चित नीति, नियम र पद्धति बनाई सोका आधारमा शुक्रबारका दिन कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- शिक्षा नियमावलीमा उल्लेख भएका सम्पूर्ण अतिरिक्त कार्यक्रमहरूलाई पूर्णता दिनुपर्ने ।
- विद्यालयको बार्षिकोत्सवमा अन्य विद्यालयहरूलाई पनि आमन्त्रण गरि अन्तर विद्यालय प्रतियोगात्मक कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने ।

- विद्यालयहरूले अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू सञ्चालन गरी राखेका छन् अथवा छैनन भनी सम्बन्धित निकायहरूबाट निरिक्षण र अनुगमन हुनुपर्ने ।
- कार्यक्रमका लागि आवश्यक पर्ने आर्थिक स्रोत एवम् भौतिक सामग्रीहरूको समयमा नै प्रवन्ध गर्नुपर्ने ।
- विद्यालयमा उपलब्ध स्थानिय स्रोत वा साधनहरूको प्रयोग गर्नुपर्ने ।
- अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू मध्ये खेलकूदका लागि खेलमैदान सानो भए अन्य नजिकका सार्वजनिक मैदानमा लगेर खेलाउन सकिन्छ ।
- अतिरिक्त क्रियकलापका कार्यक्रमहरू गराउनका लागि तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- विद्यालयले अतिरिक्त क्रियाकलापमा सबै विद्यार्थीहरूको समान सहभागिता गराउन पुरुस्कार र प्रमाण पत्रको व्यवस्था गर्नुपर्ने ।
- विशेष गरी विद्यालयले जुन-जुन कार्यक्रममा आफ्ना विद्यार्थीहरूले दक्षता हाँसिल गर्ने सम्भावना देखिन्छ त्यस्ता कार्यक्रमहरूलाई बढी प्राथमिकताका साथ सञ्चालन गर्नु पर्ने
- विद्यार्थीहरूको शारीरिक अवस्था र उमेरलाई ध्यानमा राखेर अतिरिक्त कार्यक्रमहरूमा सहभागि गराउनु पर्ने ।
- विद्यालयमा विद्यार्थीहरूबीच हुने लिङ्गीय र जातिगत भेद भावको अन्त्य गरी सबै विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूमा समान रूपमा सहभागि गराउने ।
- कार्यक्रममा भाग नलिने विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापको महत्त्व दर्शाइ कार्यक्रममा सहभागि हुन प्रेरणा र प्रोत्साहन गर्नुपर्ने ।

# सन्दर्भसूची


अतिरिक्त कार्यकलाप सञ्चालन शिक्षक स्रोत पुस्तिका, (२०६०), पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

अतिरिक्त तथा सहकार्यकलाप निर्देशिका, (२०६१), पाठ्यक्रम विकास केन्द्र, सानो ठिमी, भक्तपुर ।

आचार्य, बलराम (२०६५), नेपाली समाज र संस्कृतिको विश्लेषण, सनलाइट पब्लीकेशन, कीर्तिपुर, काठमाडौं ।

कारखेती, बाबुराम (२०६२), युवा बुलेटिन शिक्षा तथा खेलकूद मन्त्रालय खेलकूद तथा युवा कार्यक्रम शाखा, केशरमहल काठमाडौं ।

खनाल, पेशल (२०६६), शैक्षिक अनुसन्धान पद्दति, सनलाईट पब्लीकेशन, कीर्तिपुर, काठमाडौं ।

घिमिरे, पुण्य प्रसाद (२०६३), असार, ETC News Letter, नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शैक्षिक जनशक्ति विकास केन्द्र, शैक्षिक तालिम केन्द्र, धुलिखेल काभ्रेपलाञ्चोक ।

पराजुली, तीर्थराज, खनाल, पेशल, भट्टराई, देवीप्रशाद, सुवेदी, खेमराज, अधिकारी, बालकृष्ण, निउरे, ध्रुबप्रसाद, (२०६६) शिक्षामा मापन तथा मूल्याङ्कन सनलाइट पब्लिकेशन कीर्तिपुर काठमाण्डौं ।

भट्टराई, ज्ञानेश्वर (२०६७), वृहत ज्ञान कोष, आशिष वुक्स हाउस प्रा.लि., वागबजार, काठमाडौं ।

शर्मा एण्ड शर्मा, (२०६५), शिक्षाका आधारहरू, एम.के.. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स, भोटाहिटी, काठमाडौ ।

शर्मा, गोपिनाथ (२०६६), नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू, मकालु प्रकाशन गृह, डिल्लीबजार काठमाडौं ।

शिक्षा मन्त्रालय, (२०२८), राष्ट्रिय शिक्षा पद्दतिको योजना, केशरमहल, काठमाडौं ।

शिक्षा मन्त्रालय (२०४९), राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, केशरमहल, काठमाडौं ।

शिक्षा ऐन, (२०२८), शहिष्णु प्रकाशन, डिल्लीबजार, काठमाडौं ।

शिक्षा विभाग (२०६५), शैक्षिक समाचार बुलेटीन, सानो ठिमी भक्तपुर

CERID, (2004), Status of Co-curricular and Extra Curricular Activities in Primary School of Nepal, Problems and Prospects Kathmandu, Formative Research Project Study Report, p.20, Balkhu.

Cresswell, J.W. (1994), Research Design Qualitative and Quantitative Approaches, Thous and Oaks CA, Sage

Swaminath, M. (2003), Play Activities for Young Children, Published by Unicef Regional Office for South Central Asia 73. Lodhi, Estate, New Delhi.

## अनुसूची–१

## प्रधानाध्यापकका लागि अन्तर्वार्ता प्रश्नावली

**विद्यालयको नाम :**

**ठेगाना :**

**प्रधानाध्यापकको नाम :**

१. अतिरिक्त क्रियाकलाप भन्नाले तपाई के बुझ्नु हुन्छ ? (मिल्ने जतिमा चिन्ह लगाउनुहोस् ।)

(क) कक्षा शिक्षणलाई सहयोग पुग्ने गरी गराइने क्रियाकलाप

(ख) विद्यार्थीहरूको कला, सौन्दर्य र सिर्जनात्मक क्षमता उजागर गर्ने क्रियाकलाप

(ग) सामान्य शिक्षालाई व्यवहारिक रूपमा कार्यान्वयन गर्ने क्रियाकलाप

(घ) विद्यार्थीहरूको शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक विकासका लागि सञ्चालन गरिने कार्यकलाप

२. तपाइको विद्यालयमा अतिरिक्त क्रियाकलापसम्बन्धी के कस्तो व्यवस्था गरिएको छ ?

(क) शिक्षा नियमावली र अतिरिक्त क्रियाकलाप निर्देशिका उल्लेख भए बमोजिम

(ख) शिक्षकहरूको राय, सुझाव र सल्लाहअनुसार

(ग) दुबै

३. विद्यालयमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू कसरी संचालन गरिन्छन् ?

..............................................................................

..............................................................................

४. विद्यालयमा कस्ता किसिमका अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिन्छन् ?

..............................................................................

..............................................................................

५. अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि समितिको गठन हुन्छ कि हुँदैन ?

(क) हुन्छ　　　(ख) हुँदैन

६. अतिरिक्त क्रियाकलाप सञ्चालन समितिमा को-को सहभागी हुन्छन् ?

..............................................................................

..............................................................................

७. प्राथमिक उपचारका लागि आवश्यक पर्ने सामग्रीको व्यवस्था छ वा छैन् ?

(क) पूर्ण छ　　　(ख) अपूग छ　　　(ग) छैन

८. विद्यालयमा गठन गरिएका सदन समितिहरूको अध्यक्षता कसले गर्दछ ?

(क) शिक्षक (ख) प्रधानाध्यापक (ग) विद्यार्थी

९. अतिरिक्त कार्यक्रमहरूमा सहयोग, सक्रियता र सहभागिता हुन आवश्यक छ वा छैन् ?

(क) अति आवश्यक छ (ख) सामान्य (ग) आवश्यक छैन

१०. कार्यक्रम सञ्चालनका आधार वा मापदण्डहरू कसरी तय गर्नुभएको छ ?

.................................................................................

.................................................................................

११. वर्षभरी गरिने कार्यक्रमहरूको तर्जुमा गर्न बैठकमा कस-कसलाई सहभागी गराइन्छ ?

(क) शिक्षक (ख) विद्यार्थी प्रतिनिधि

(ग) सञ्चालक समिति (घ) माथिका सबै

१२. विद्यार्थीहरूलाई सदन अथवा समूहमा कसरी विभाजन गरिन्छ ?

(क) कक्षागत हिसाबबाट

(ख) उमेर अनुसार

(ग) सबै कक्षाबाट समान प्रतिनिधित्त्व हुने गरी

(घ) लिङ्ग अनुसार

१३. कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन गर्न समयलाई कसरी म्यानेज गर्नुभएको छ ?

.................................................................................

.................................................................................

१४. अतिरिक्त क्रियाकलापको लागि कस्ता सामाग्रीहरू आवश्यक पर्छन् ?

.................................................................................

.................................................................................

१५. कार्यक्रमहरूमा स्थान ओगटने सदन/समूह वा विद्यार्थीहरूलाई पुरुस्कारको व्यवस्था छ वा छैन ?

(क) छ (ख) छैन

१६. पुरुस्कार वितरण गरिन्छ भने कुन कुन दिन गरिन्छ ?

(क) विद्यालयको वार्षिकोत्सवमा

(ख) प्रत्येक कार्यक्रमको दिन

(ग) महिनाको अन्तिम शुक्रवार

१७. तपाई अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू महिनामा कति पटक गराउनु हुन्छ ?

(क) एक पटक (ख) दुई पटक

(ग) तीन पटक (घ) प्रत्येक शुक्रवार

१८. अतिरिक्त क्रियाकलाप कार्यान्वयन तथा सञ्चालनमा के कस्ता तत्वहरूले वाधा पुऱ्याइरहेका हुन्छन् ?

..............................................................................

..............................................................................

१९. शिक्षा नियमावलीमा अतिरिक्त क्रियाकलाप महिनामा कति चोटी गर्नुपर्ने व्यवस्था राखिएको छ ?

(क) प्रत्येक शुक्रवार (ख) एक

(ग) दुई (घ) तीन

२०. अतिरिक्त क्रियाकलापसम्बन्धी कुन कुन निकायहरूले सूचना प्रदान गर्दछन् ?

(क) जिल्ला शिक्षा कार्यालय (ख) स्रोत केन्द्र

(ग) पाठ्यक्रम विकास केन्द्र (घ) माथिका सबै

२१. कार्यक्रम सञ्चालन र व्यवस्थापनमा शिक्षक र विद्यार्थीहरूबाट सहयोग मिल्छ की मिल्दैन् ?

(क) पूर्ण सहयोग (ख) सामान्य

(ग) न्यून (घ) सहयोग मिल्दैन

२२. अतिरिक्त क्रियाकलाप सञ्चालनका आधारहरू के के छन् ?

..............................................................................

..............................................................................

२३. विद्यालयमा हाल भइरहेका अतिरिक्त क्रियाकलापमा तपाई सन्तुष्ट हुनुहुन्छ ?

(क) पूर्ण सन्तुष्ट (ख) सामान्य

(ग) न्यून (घ) सन्तुष्ट छैन

२५. कार्यक्रमहरूको स्तरीकरण बढाउन के कस्ता उपायहरू अपनाउन सकिन्छ ?

..............................................................................

..............................................................................

## अनुसूची–२

## शिक्षकका लागि प्रश्नावली

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षको शोधकार्यका लागि आवश्यक सूचनाहरू संकलन गर्न यो कार्य गरिएको हो । तल दिईएका प्रश्नहरूको विकल्पमा ( ) चिन्ह र खाली ठाउँमा आवश्यक सूचना, शब्दहरू, वाक्य एवम् भनाइहरू लेखी दिई सहयोग गरिदिन हुन अनुरोध गर्दछु ।

**विद्यालयको नाम :**

**ठेगाना :**

**शिक्षकको नाम :**

**शिक्षक ⁄ शिक्षिका**

१. अतिरिक्त क्रियाकलापलाई तपाई कसरी परिभाषित गर्नु हुन्छ ?

...................................................................................

...................................................................................

२. अतिरिक्त कार्यक्रमहरू सञ्चालनमा प्र.अ. शिक्षक र विद्यार्थी बीच समन्वय हुन आवश्यक छ वा छैन् ?

(क) आवश्यक छ (ख) आवश्यक छैन

३. कार्यक्रमहरूसँग सम्बन्धित आवश्यक जानकारी र सूचनाहरू उपलब्ध हुन्छन् वा हुँदैनन् ?

(क) पूर्ण रूपमा उपलब्ध (ख) सामान्य

(ग) थोरै (घ) उपलब्ध हुँदैन्

४. अतिरिक्त क्रियाकलापसम्बन्धी कुन कुन निकायहरूले सूचना प्रदान गर्दछन् ?

(क) जिल्ला शिक्षा कार्यालय (ख) स्रोत केन्द्र

(ग) पाठ्यक्रम विकास केन्द्र (घ) माथिका सबै

५. शिक्षा ऐन, नियमावली तथा अन्य प्रकाशित पत्रपत्रिका र जर्नलहरूमा अतिरिक्त क्रियाकलापसम्बन्धी व्यवस्था राखेको पाइन्छ वा पाइदैन् ?

(क) पाइन्छ (ख) पाईदैन

६. अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूबाट के कस्ता फाइदा हुन्छन् ?

..............................................................................................

..............................................................................................

७. अतिरिक्त क्रियाकलापबाट कस-कसलाई फाइदा पुग्दछ ?

(क) विद्यार्थी (ख) प्र.अ. र शिक्षक (ग) दुबै

८. अतिरिक्त क्रियाकलाप र सह-क्रियाकलाप बीच के भिन्नता पाइन्छ ?

...................................................................................

...................................................................................

९. के अतिरिक्त कार्यक्रमहरूले विद्यार्थीहरूमा लैङ्गीक समानतासम्बन्धी भावनाको विकास गराउँछ ?

(क) गराउँछ (ख) गराउँदैन

१०. के कार्यक्रममा भाग लिनको लागि विद्यार्थीहरूलाई प्रोत्साहित गर्नुहुन्छ ?

(क) गर्छु (ख) गर्दिन

११. कार्यक्रमहरू सुचारु रूपले सञ्चालन गर्न के-कस्ता कुराहरू आवश्यक पर्दछन् ?

..............................................................................................

..............................................................................................

१२. कार्यक्रमको समीक्षा तथा योजना निर्माणमा तपाईको सहभागिता कस्तो हुन्छ ?

(क) नियमित (ख) आंशिक (ग) न्यून

१३. कार्यक्रमहरूले विद्यार्थीहरूलाई निरन्तर विद्यालय आउन प्रोत्साहित गर्छ वा गर्दैन् ?

(क) धेरै प्रोत्साहीत गर्छ (ख) सामान्य (ग) प्रोत्साहित गर्दैन

१४. कार्यक्रमले विद्यार्थी र शिक्षकको सम्बन्धमा कसरी सुधार ल्याउँछ ?

..............................................................................................

..............................................................................................

१५. अतिरिक्त क्रियाकलापमा छात्र/छात्रा मध्ये कसको सहभागिता बढी भएको देखिन्छ ?

(क) छात्र (ख) छात्रा (ग) दुबै

१६. अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूको लागि के कस्ता स्रोत र सामग्रीहरूको आवश्यकता पर्दछ ?

..............................................................................................

..............................................................................................

१७. कार्यक्रममा बढी सहभागी हुनुको कारण के होला ? (मिल्ने जतिमा चिन्ह लगाउनुहोस् ।)

(क) शिक्षकले प्रोत्साहित गरेर (ख) अतिरिक्त कार्यकलापको महत्त्व बुझेर

(ग) पुरस्कार पाउने आशामा (घ) सहपाठीहरूमा आफ्नो स्थान अगाडी ल्याउन

१८. कार्यक्रममा कम सहभागी हुनुको कारण के होला ? (मिल्ने जतिमा चिन्ह लगाउनुहोस् ।)

(क) अतिरिक्त क्रियाकलापसम्बन्धी ज्ञानको कमी

(ख) शिक्षक र अभिभावकबाट प्रोत्साहन नपाएर

(ग) लिङ्गको आधारमा भेदभाव भएर

(घ) सहभागिता देखाउन लाज लागेर

१९. कार्यक्रममा छात्रछात्राहरूको समान सहभागिता पुऱ्याउन के गर्नुपर्ला ?

..............................................................................................

..............................................................................................

२०. अतिरिक्त कार्यक्रमहरूमा कुन जातीका केटाकेटीहरू बढी सहभागी हुन्छन् ?

(क) गैर दलित (ख) दलित

२१. एकै जातिका केटाकेटी बढी सहभागी हुनुको कारण के होला ? (मिल्ने जतिमा चिन्ह लगाउनुहोस् ।)

(क) औसत रूपमा विद्यार्थी संख्या बढी भएकाले

(ख) अभिभावक र शिक्षकबाट प्रोत्साहन पाएर

(ग) अन्य जातीका केटाकेटीले भाग नलिनाले

२२. अन्य जातिका केटाकेटीहरू कम सहभागी हुनुका कारणहरू के होलान् ? (मिल्ने जतिमा चिन्ह लगाउनुहोस् ।)

(क) विद्यार्थी संख्याको पहुँच थोरै भएर

(ख) अतिरिक्त क्रियाकलापसम्बन्धी ज्ञानको कमी

(ग) जातीगत रूपमा भेदभाव रहेकाले

(घ) कार्यक्रममा भाग लिन प्रोत्साहित नगरेकाले

२३. कुन उमेर समूहका विद्यार्थीहरू कार्यक्रममा बढी भाग लिन रुचाउँछन् ?

(क) ६-११ वर्ष (ख) १२-१६ वर्ष

२४. अभिनय गर्नुपर्ने कार्यक्रमहरूमा छात्राहरूको सहभागिता कस्तो रहन्छ ?

(क) पूर्ण सहभागिता (ख) अलिकति (ग) न्यून

२५. अतिरिक्त क्रियाकलाप सञ्चालनमा वाधा पुऱ्याउने तत्वहरू के के हुन सक्छन ?

..............................................................................

..............................................................................

२६. कार्यक्रमको स्तरीयता वृद्धि गर्न पूर्व अभ्यास गराईन्छ की गराईदैन् ?

(क) गराईन्छ (ख) गराइदैन

२७. अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूबाट विद्यार्थीहरूको चौतर्फी विकास कसरी हुन्छ ?

..............................................................................

..............................................................................

२८. कार्यक्रम सञ्चालन, व्यवस्थापन र मूल्याङ्कनमा कसरी एकरूपता ल्याउन सकिन्छ ?

..............................................................................

..............................................................................

२९. कार्यक्रमहरूको स्तरीकरण बढाउन के कस्ता उपायहरू अपनाउन सकिन्छ ?

..............................................................................

..............................................................................

## अनुसूची–३

## विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका

**विद्यालयको नाम :**

**ठेगाना :**

**विद्यार्थी संख्या :**

**कक्षा :**

१. परिचयात्मक कार्यक्रम

२. अध्ययनको उद्देश्य स्पष्ट

३. विषयवस्तुमा प्रवेश

४. अतिरिक्त क्रियाकलाप सम्बन्धिको धारणा :

५. अतिरिक्त क्रियाकलापअन्तर्गत सञ्चालन हुने कार्यक्रमहरू

६. अतिरिक्त क्रियाकलापका समावेश हुने स्रोत र सामग्रीहरू :

(क) खेल मैदान र खेल सामग्री

(ख) आर्थिक स्रोत

(ग) स्थानिय स्रोत र सामग्रीहरू

(घ) अन्य क्रियाकलापका लागि चाहिने स्रोत र सामग्रीहरू

७. अतिरिक्त कार्यक्रमले व्यक्तित्त्व विकासमा पुऱ्याउने सहयोग :

८. कार्यक्रममा स्थान लिई पुरुस्कार पाउँदा :

(क) आत्मगौरव बढ्ने

(ख) नियमित अध्ययन गर्ने सोच

(ग) कार्यक्रममा सधै सहभागी हुने प्रेरणा

(घ) सहपाठीहरूमाझ प्रतिस्पर्धी

९. अतिरिक्त क्रियाकलाप सञ्चालनमा बाधा पुऱ्याउने तत्त्वहरू :

१०. कार्यक्रममा स्थान ओगट्ने विद्यार्थीहरूलाई पुरुस्कारको व्यवस्था :

(क) नगद वा शैक्षिक सामग्री

(ख) प्रमाण-पत्र

(ग) मौखिक पुरुस्कार

## अनुसूची–४

## छनौट गरिएका प्रधानाध्यापकहरूको नामवली

| क्र.सं. | प्रधानाध्यापकको नाम | विद्यालयको नाम |
|---|---|---|
| १ | दमयन्ती जोशी | छानी सामुदायिक प्रा. वि. |
| २ | शान्ति प्रशाद भट्ट | चनैराज नि. मा. वि. |
| ३ | तारा कार्की | गणैराज सामुदायिक प्रा. वि. |
| ४ | रगबहादुर कार्की | भूमेश्वर नि. मा. वि. |
| ५ | बिष्णुदत्त जोशी | भूमिराज माध्यमिक विद्यालय |

## अनुसूची–५

## छनौट गरिएका शिक्षकको नामावली

| क्र.सं. | शिक्षकहरूको नाम | विद्यालयको नाम |
|---|---|---|
| १ | भुवनेश्वरी जोशी | छानी सामुदायिक प्रा. वि. |
| २ | केशवदत भट्ट | चनैराज नि. मा. वि. |
| ३ | मिन बहादुर कार्की | गणैराज सामुदायिक प्रा. वि. |
| ४ | सहदेव भट्ट | भूमेश्वर नि. मा. वि. |
| ५ | महादेव भट्ट | भूमिराज माध्यमिक विद्यालय |

**अनुसूची-६**

**लक्षित समूह छलफलमा सहभागि विद्यार्थीहरूको नामावली**

| क्र. स. | विद्यार्थीको नाम | क्र. स | विद्यार्थीको नाम | विद्यालयको नाम | कक्षा |
|---|---|---|---|---|---|
| १ | मञ्जु जोशी | ३१ | कौशिला जोशी | छानी सामुदायिक प्रा. वि. | ४ |
| २. | निर्मला जोशी | ३२ | नरिराम भूल | छानी सामुदायिक प्रा. वि. | ४ |
| ३ | सुनिता जोशी | | | छानी सामुदायिक प्रा. वि. | ४ |
| ४ | हरिप्रसाद जोशी | ३३ | राजमती जोशी | छानी सामुदायिक प्रा. वि. | ५ |
| ५ | टेकराज जोशी | ३४ | विस्ना भूल | छानी सामुदायिक प्रा. वि. | ५ |
| ६ | नवराज जोशी | | | छानी सामुदायिक प्रा. वि. | ५ |
| ७ | मञ्जु भूल | ३५ | सुरेन्द्र बहादुर महरा | चनैराज नि . मा. वि | ४ |
| ८ | सुरेस ब. महरा | | | चनैराज नि . मा. वि | ४ |
| ९ | किशोर भट्ट | ३६ | मञ्जु कार्की | चनैराज नि . मा. वि | ५ |
| १० | रेखा भट्ट | | | चनैराज नि . मा. वि | ५ |
| ११ | गोविन्द भट्ट | ३७ | दिपक भूल | चनैराज नि . मा. वि | ६ |
| १२ | लक्ष्मी टेर | ३८ | लक्ष्मी भूल | चनैराज नि . मा. वि | ६ |
| १३ | प्रकाश लुहार | ३९ | रगविर कार्की | गैणराज सामुदायिक प्रा.वि. | ४ |
| १४ | निर्मला कार्की | ४० | सरस्वती कार्की | गैणराज सामुदायिक प्रा.वि. | ४ |
| १५ | द्रोपती कार्की | | | गैणराज सामुदायिक प्रा.वि. | ४ |
| १६ | कपुर कार्की | ४१ | माया कार्की | गैणराज सामुदायिक प्रा.वि. | ५ |
| १७ | मानसिहँ कार्की | ४२ | बसन्ती कार्की | गैणराज सामुदायिक प्रा.वि. | ५ |
| १८ | नरेश कार्की | | | गैणराज सामुदायिक प्रा.वि. | ५ |
| १९ | प्रकाश कार्की | ४३ | चन्द्रा भट्ट | भूमेश्वर नि. मा. वि. | ४ |
| २० | अर्जुन कार्की | ४४ | पुजा भट्ट | भूमेश्वर नि. मा. वि. | ५ |
| २१ | दानसिहँ कार्की | ४५ | बलदेव भट्ट | भूमेश्वर नि. मा. वि. | ६ |
| २२ | पुष्कर ब. कार्की | ४६ | तारा भट्ट | भूमेश्वर नि. मा. वि. | ७ |
| २३ | निरज कार्की | ४७ | मानमति लुहार | भूमेश्वर नि. मा. वि. | ८ |
| २४ | डम्मरा कोली | ४८ | पार्वती भट्ट | भूमिराज मा. वि. | ४ |
| २५ | देवराज भट्ट | ४९ | चक्रदेव भट्ट | भूमिराज मा. वि. | ५ |
| २६ | महादेवसिँह धामी | ५० | पार्वती भट्ट | भूमिराज मा. वि. | ६ |
| २७ | सरस्वती भाट | ५१ | भोजराज भट्ट | भूमिराज मा. वि. | ७ |
| २८ | गौरा भट्ट | ५२ | हेमराज भट्ट | भूमिराज मा. वि. | ८ |
| २९ | हेमराज भट्ट | ५३ | मानमती भाट | भूमिराज मा. वि. | ९ |
| ३० | जानकी भट्ट | ५४ | उद्धवदेव भट्ट | भूमिराज मा. वि. | १० |

## अनुसुची–७

## छनौट गरिएका विद्यालयको नामावली

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री छानी सामुदायिक प्राथमिक विद्यालय छानी | देउलेक १ बैतडी |
| २ | श्री चनैराज निम्न माध्यमि विद्यालय खोला | देउलेक २ बैतडी |
| ३ | श्री गणैराज सामुदायिक प्राथमिक विद्यालय चौक | देउलेक ३ बैतडी |
| ४ | श्री भूमेश्वर निम्न माध्यमिक विद्यालय लोलपाटा | देउलेक ५बैतडी |
| ५ | श्री भूमिराज माध्यमिक विद्यालय चडेपानी | देउलेक ८ बैतडी |